# परिच्छेद–एक

# परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.का लोकगीतहरूको वर्गीकरण र विवेचना** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि रहेको छ ।

## १.३ शोधविषय

लोकगीत शब्द 'लोक' र 'गीत' दुईवटा शब्दको संयोगबाट निर्माण भएको छ । 'लोक' शब्दले समयको परिवर्तनसँगै संसार, जगत, दुनियाँ, जनता र समाज जस्ता विभिन्न अर्थहरूलाई ग्रहण गरेको छ । लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनैव्यक्ति विशेष तथा कुनै एउटा भू-खण्डमा मात्र सीमित नहुने हुँदा यसलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । लोकगीतमा कसैले अर्थलाई, कसैले लयलाई, कसैले भावलाई त कसैले पक्षलाई जोड दिने गरेको पाइन्छ । रागात्मक, स्वतस्फूर्त, लयात्मक र वौद्धिकताभन्दा हार्दिकताले युक्त भावनात्मक अभिव्यक्तिलाई नै लोकगीत भनिन्छ । यस्ता लोकगीतहरू चिन्तनमननका कारणबाट नभएर सहज र सरलरूपमा लोकजीवनमा आएका मौलिक अभिव्यक्ति हुन् । लोकगीत समाजको अदिकालदेखि सामूहिक श्रुतिपरम्परामा आधारित त्यस्तो श्रब्य विधा हो जसले सामाजिक जनमानसका सुख-दुःख, हर्ष, विस्मात, दय-माया, प्रेम, घृणा आदिलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दछन् । मानवसमुदायलाई एउटा आनन्द तथा उत्साही रूपमा अगाडि बढ्ने सत्प्रेरणा समेत प्रदान गरेको हुन्छ । यस भुर्तुङ गा.वि.स.मा

रहेका लोकगीतहरू पनि परम्परादेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएका नितान्त मौलिक अभिव्यक्तिका रूपमा देखापरेका छन् । यस शोधपत्रमा यसै गा.वि.स.का लोकगीतहरूको अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली लोकसाहित्य भित्र पर्ने विविध विधाहरूमध्ये एक प्रमुख विधाका रूपमा लोकगीत रहेको छ । यसले सम्पूर्ण जनमानसका दुःख, पीडा, सुख, हर्ष, विस्मात आदिलाई प्रस्तुत गरेको हुन्छ । यसमा धर्म, संस्कृति, इतिहास र परम्पराका अनुभवहरू सँगालिएका हुन्छन् । यस्ता अनमोल रत्न भएर पनि यसको खोज, अध्ययन र अनुसन्धान हुन नसक्नु एक समस्या हो । भुर्तुङ गा.वि.स. मा प्रचलित लोकगीतहरूका बारेमा निम्नानुसारका समस्यामा केन्द्रित रही प्रस्तुत अध्ययन गरिएको छ । विभिन्न लोकगीतहरूको प्रचलन रहेको गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा पनि समस्या देखापरेका छन् ।

गुल्मी जिल्ला भुर्तुङ गा.वि.स.को सामान्य परिचय कस्तो छ ? यहाँ के कस्ता लोकगीतहरू प्रचलित छन् ? ती गीतलाई के कसरी वर्गीकरण गरी विवेचना गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

विभिन्न लोकगीतहरूको प्रचलन रहेको गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा रहेका गीतहरूलाई यथासम्भव व्यवस्थित प्रस्तुति गर्नु यस शोधपत्रको मूल उद्देश्य रहेको छ । यस गा.वि.स.को परिचय दिँदै लोकसाहित्यको सङ्क्षिप्त परिचय दिनाका साथै लोकगीतको वर्गीकरण र विवेचना गर्ने उद्देश्य यस अध्ययनपत्रमा भएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

राष्ट्रिय स्तरमा अग्रज विद्वानहरूबाट नेपालमा प्रचलित केही लोकगीतहरू सङ्कलन भए पनि सन्तोषजनक स्थिति देखिँदैन । त्यसमा पनि सङ्कलित गीतको

यथोचित अध्ययन गरी विवेचना गर्ने परिपाटीको विकास खासै भएको देखिँदैन । धर्मराज थापाले **गण्डकीका सुसेली** नमक कृति प्रकाशित गरी त्यसमा लुम्बिनी अञ्चल अन्तर्गत खानीछाप र मलेङ गाउका लोकगीतहरूका बारेमा उल्लेख गर्नाका साथै गुल्मी जिल्ला अन्तर्गतको रिडी (रूरू क्षेत्र) को उल्लेख गरी माघे सङ्क्रान्ति र हरिवोधिनी एकादशी मेलाको  वर्णन गरेका छन् ।[1]

यसमा भुर्तुङ गा.वि.स.का लोकगीतहरूको वर्णन भएको छैन । धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** नामक कृतिमा लोकसाहित्यका बारेमा व्यापक उल्लेख गरे पनि भुर्तुङ गा.वि.स.का लोकगीतहरूका बारेमा त्यहाँ पनि उल्लेख छैन ।[2] होमनाथ सापकोटाले **गुल्मेली लोकगाथाको सङ्कलन वर्गीकरण र विश्लेषण** नामक शोधपत्रमा गुल्मी जिल्लामा प्रचलित केही लोकभाकाहरूको उल्लेख गरेका छन् ।[3] त्यस शोधपत्रमा समग्र गुल्मी जिल्लालाई समेट्न खेजिएकाले केही शब्द र लय भुर्तुङ गा.वि.स.का छोइए तापनि विवेचना भएको पाइदैन । कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको अलोक** नामक कृति प्रकाशित गरी नृत्य र वाद्यलाई सहायक तत्त्वका रूपमा उल्लेख गर्दै लोकगीतका विभेदको वर्णण गरेका छन् ।[4] यस कृतिमा लोकगीतका प्रकारहरूको समेत वर्णन गरिएको छ । यस कृतिमा पनि यो गुल्मी जिल्लामा पर्ने भुर्तुङ गा.वि.स. मा प्रचलित लोकभाकाहरूलाई समेटिएको छैन । जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** नामक कृति प्रकाशित गरी विभिन्न क्षेत्रका लोकगीतहरूको विवेचना गरेका छन् ।[5] त्यसमा पनि भुर्तुङ गा.वि.स.का लोकगीतहरूलाई समेटिएको छैन । झवीन्द्र महतले **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रको लोकगीतको अध्ययन** नामक शोधपत्र तयार पारी क्षेत्रीय अध्ययन गरेका छन् ।[6] यसमा भुर्तुङ गा.वि.स.का लोकगीतहरूको बयान गरिएको छैन । गोविन्द आचार्यले

---

[1] थापा, धर्मराज, **गण्डकीका सुसेली**, (ने.रा.प्र.प्र.,काठमाडौ, २०३०) पृ.४८ ।

[2] थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (त्रि.वि.,ने.ए.अ.के., काठमाडौ, २०४१) पृ. ५२ ।

[3] सापकोटा, होमनाथ, **गुल्मेली लोकगाथाको सङ्कलन, वर्गीकरण र विश्लेषण,** (त्रि.वि.मा. प्रस्तुत अप्रकाशित शोधपत्र, २०४१) ।

[4] पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** (विणा प्रकाशन प्रा.लि., काठमाडौं, २०५७) पृ. १८ ।

[5] गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** (एकता प्रकाशन, काठमाडौं, २०५८) पृ. ४०/४१ ।

[6] महत, झवीन्द्र, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रको लोकगीतको अध्ययन,** (त्रि.वि., नेपाली केन्द्रीय विभागमा प्रस्तूत अप्रकाशित शोधपत्र, काठमाडौं, २०६०) पृ. १८-२३ ।

लोकगीतको विश्लेषण नामक कृति प्रकाशित गरी विशेष रूपमा राप्ती अञ्चलका गीतको वर्गीकरण र विश्लेषण गर्दै लोकगीतका तत्त्व, विशेषताहरू आदिको समीक्षा गर्नुका साथै विभिन्न रीतिरिवाज, संस्कार र ऋतुगीत समेत समावेश गरी विवेचना गरेका छन् ।[७] तर यसमा पनि भुर्तुङ गा.वि.स.का लोकगीतहरूलाई समेटिएको पाइदैन ।

## १.७ शोधकार्यको औचित्य

नेपली लोकगीतको अध्ययन - अनुसन्धानमा केही महत्त्वपूर्ण कार्य भए तापनि त्यसले अझै पूर्णता प्राप्त गरेको छैन । कतिपय लोकगीतहरू लोप हुन थालेको र कतिपयलाई आधुनिकताका नाममा परिवर्तन गरिँदै आएको वर्तमान परिप्रेक्ष्यमा पुराना - पुराना लोकगीतहरूको खोजी गरी लिपिबद्ध गर्नुपर्ने र तिनका बारेमा विवेचना गर्नुपर्ने आजको आवश्यकतालाई आंशिक रूपमा नै भए पनि पूरा गर्न प्रस्तुत शोधपत्र उपयोगी ठहरिने छ । यसले गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा लुकेर रहेका नेपाली लोकगीतहरूको सङ्कलन र विवेचना गरी लोकगीतको विकासमा थप योगदान पुऱ्याउने हुँदा यसको औचित्य स्वतः पुष्टि हुन्छ । यस अध्ययनबाट स्थानीय बासिन्दाहरूले आफ्ना लोकगीतको महत्त्वबारे थप जानकारी प्रप्त गर्नेछन् भने अन्यक्षेत्रका व्यक्तिहरूले पनि भुर्तुङका लोकगीतहरूसँग परिचित हुने अवसर प्राप्त गर्नेछन् । प्रस्तुत अध्ययनबाट अन्य अध्येता र अनुसन्धानकर्ताहरू पनि लाभान्वित हुनेछन् । त्यसैले भुर्तुङ गा.वि.स.का लोकगीतहरूको अध्ययन शीर्षकमा यो कार्य औचित्यपूर्ण छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

गुल्मी जिल्ल भुर्तुङ गा.वि.स.को राजनैतिक सीमा भित्र प्रचलित परम्परागत लोकगीतहरूको मात्र अध्ययन र विवेचना यस शोधपत्रमा गरिएको छ । यसमा आधुनिक गीतहरू सङ्कलन गरिने छैनन् । यसमा भुर्तुङ गा.वि.स.मा प्रचलित अन्य भाषाका गीतहरूको अध्ययन गरिने छैन ।

---

[७] आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण,** (पैरवी प्रकाशन, काठमाडौं, २०६२) पृ. ४० ।

## १.९ सामग्री – सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.का विभिन्न ठाउँहरूमा पुगी स्थानीय मेलापर्व, कर्म, रीतिरीवाज आदि क्रियाकलापमा प्रत्यक्ष सहभागी हुँदै मूलतः क्षेत्रीय अध्ययनपद्धतिको विधिलाई अँगालिएको छ । लोकसाहित्यसँग सम्बन्धित विविध पुस्तक तथा विद्वानहरूका विचार, भनाई र लेखरचनाहरूलाई समेत अध्ययनमा समावेश गरिएकाले पुस्तकालयीय अध्ययन पनि यसमा हुन गएको छ । गीतहरूको महत्त्वपूर्ण पक्ष मानिने लय वा भाकालाई टेपरेकर्डरका सहायताले सङ्कलन गर्ने काम पनि यस अध्ययनका क्रममा भएको छ ।

## १.१० शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : गुल्मी जिल्लाको सङ्क्षिप्त परिचयका साथ
भुर्तुङ गा.वि.स.को छोटो परिचय

परिच्छेद तीन : लोकगीतको सैद्धान्तिक परिचय

परिच्छेद चार : गुल्मी जिल्ला भुर्तुङ गा.वि.स.का लोकगीतहरूको वर्गीकरण र विवेचना

परिचछेद पाँच : उपसंहार

परिशिष्ट भाग : अध्ययनक्षेत्रको नक्सा,
सूचकहरूको नाम र ठेगाना
सन्दर्भ कृति सूची

**परिच्छेद दुई**

# गुल्मी जिल्ला र भुर्तुङ गा.वि.स.को परिचय

## २.१ गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय

### २.१.१ भौगोलिक अवस्था

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने लुम्बिनी अञ्चलमा अवस्थित एउटा पहाडी जिल्ला गुल्मी हो । यो जिल्ला १४४९ वर्ग कि.मि.क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्व भागमा पर्वत र स्याङ्जा जिल्ला पर्दछन् भने पश्चिमी भागमा प्यूठान जिल्ला अवस्थित छ । उत्तरी सीमा बाग्लुङ जिल्लासँग जोडिएको छ भने दक्षिणमा पाल्पा र अर्घाखाँची जिल्ला रहेका छन् । यहाँ रेसुङ्गा रिडी जस्ता धार्मिक तथा पर्यटकीय महत्त्वपूर्ण स्थलहरू रहेका छन् । भौगोलिक हिसाबले २०°५५′ उत्तरी अक्षांशदेखि २८°२७′ उत्तरी अक्षांश र ८३°१०′ पूर्वी देशान्तर देखि ८३°३५′ पूर्वी देशान्तरको बीचमा यो जिल्ला रहेको छ । यस जिल्लाको उचाइ समूद्र सतहबाट ४६५ मिटरदेखि २६९० मिटरसम्म रहेको छ ।[८] गुल्मी जिल्लालाई पहाड र बेँसी गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

#### २.१.१.१ पहाडी क्षेत्र

गुल्मी जिल्ला पहाडी जिल्ला नै हो । यस जिल्लाको अधिकांश क्षेत्र पहाडी धरातलबाट निर्माण भएको छ । यस जिल्लामा अवस्थित सवै भन्दा अग्लो पहाड थाप्लेको लेक २६९० मिटर अग्लो रहेको छ । यस जिल्लाको उच्च पहाडी भूभागलाई स्थानीय भाषामा लेख भनिन्छ र लेकमा हावापानी पहाडको तुलनामा विषम भएकाले बसोबास कम छ । ती स्थानहरूमा बल्दी, लमसराङ, कालीलेक, रेसुङ्गा, झिरबास आदि रहेका छन् भने लेक भन्दा कम उचाइका पहाडी भू-भागमा तुलनात्मक रूपमा

[८] भट्टराई, चुन्नप्रसाद र अन्य (सम्पादक), **गुल्मी जिल्ला दर्पण,** (जि.वि.स. कार्यालय, गुल्मी, २०५६) पृ. १२/१३ ।

लेकमा भन्दा बढी जनघनत्व रहेको पाइन्छ । पहाडी क्षेत्रका प्रमुख वास्तिहरू तोलाकोट लुङ, भुर्तुङ, फोक्सिङ, भार्से, ग्वाघा, तम्घास, जुभुङ, मर्भुङआदि हुन ।

### २.१.१.२ बैँसी क्षेत्र

यस जिल्लाको फेदीतर्फ बग्ने खोला र नदी किनारका जग्गालाई बैँसी भनिन्छ । यस क्षेत्रमा धान खेतीको विशेष महत्त्व रहिआएको छ । बैँसीका प्रमुख फाँटहरूमा तल्ला कोरेङको फाट, मजुवा, वामी, हरेवा, चौरासी, शान्तिपुरआदि हुन । जसमा धान, मकै, गहुँ, गरी तीन खेती गर्ने गरिन्छ भने कतै कतै दुई पटकसम्म धान खेती गरिन्छ । प्रमुख स्थानहरूमा खड्गकोट, पूर्तिघाट, भुर्तुङ, खैरेनी, लिम्घा आदि हुन । यी क्षेत्रका तल्ला भागहरूलाई मात्र बैँसी भनिन्छ । यस भेकमा लेक र पहाडको तुलनामा केही गर्मी हुन्छ र जनघनत्व पनि तुलनात्मक रूपमा बढी छ ।

## २.१.२ सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था

गुल्मी जिल्लामा जातीय विविधता अनुरूप भाषिक विविधता पनि रहेको छ । यहाँका बहुसङ्ख्यक नजताहरू नेपाली भाषा नै प्रयोग गर्दछन् । यसका अतिरिक्त आ-आफ्नो समुदायमा आ-आफ्नै मातृभाषाको प्रयोग समेत गर्ने गरेको पाइन्छ । यहाँ मगर, गुरूङ र नेवार भाषाहरू तत्तत् समुदायमा बोल्ने गरिन्छ । यहाँका धार्मिक तथा सांस्कृति स्थलहरूमा कालीगण्डकी, ऋष्यश्रृङ्ग नाम गरेका तपस्वीले तपस्या गरेको तपोभूमि रेसुङ्गा, रिडी, रूद्रवेणी, देवीस्थानको ईश्वरी मन्दिर , रूपाकोट को छत्रेश्वर मन्दिर, सिद्धबाबा मन्दिर, विष्णु मन्दिर, शोभा भगवती, फूलवारीधाम, कनौटा, राधाकृष्ण मन्दिर आदि प्रमुख रहेका छन् । माघे सङक्रान्तिमा रिडीमा, हरिबोधिनी र हरिशयनी एकादशीमा रेसुङ्गामा, शिवरात्रीमा कनौटामा विशेष मेला लाग्दछ ।

गुल्मी जिल्लामा प्रचलित संस्कारहरूमा जन्म, छैटी, नामकरण, पास्नी, विवाह, चौरासी, मृत्यु आदिलाई लिन सकिन्छ । यी संस्कारहरू सामाजिक रीतिरिवाजअनुसार सम्पन्न गरिन्छ । मौसमअनुसार भेषभूषा प्रयोग हुन्छन् । खानेकुराहरूमा गहुँ, मकै,

जौ, धान, पिँडालु, आलु, सिमी, बोडी, सागसब्जी, दाल, दूध आदिबाट तयार हुने परिकारहरूको प्रयोग हुन्छ । सामाजिक सांस्कृतिक परम्परामा आधारित लोकगीत, दोहोरी, भजनजस्ता गीत गाइनाका साथै मादल, बाँसुरी, मुजुरा, डम्फू, आदि वाद्यवादनको प्रयोग हुन्छ ।

गुल्मी जिल्लाका जनताको मुख्य पेसा कृषि नै हो । यस जिल्लाका करिब ९० प्रतिशत जनता कृषिमा आश्रित छन् । सबै ठाउँमा सिँचाइको सुविधा नहुँदा आकाशे पानीमा भरपर्नु पर्ने अवस्था पनि यहाँ विद्यमान छ । यहाँका केही युवाहरू भारतीय सेनामा भर्ती भएका छन् भने केही व्यक्तिहरू उच्च दर्जामा पुगेका पनि छन् जसमा अमरपुर ८ निवासी कुलचन्द्र गौतम संयुक्त राष्ट्र सङ्घको सचिवसमेत बनेका छन् । केही व्यक्ति शिक्षा क्षेत्रमा लागेर अहिले विभिन्न कलेजमा अध्यापनरत समेत छन् । व्यापार व्यवसाय, सिलाईजस्ता कार्यमा पनि यहाँका मानिस लागेका छन् । आफ्नो समाजमा विकास निर्माणका कार्यलाई पनि स्थानीय जनताले नै पूरा गर्ने गर्दछन् । समग्रमा कृषि, शिक्षा, व्यापार, सेना, मजदुरआदि क्षेत्रमा यहाँका जनताहरू लागेका छन्  भने केही राजनीतिमा पनि लागेका छन् । यहाँका घर र गोठहरू ढुङ्गा, माटो, बाँस, काठआदिले बनेका तथा खर, जस्तापाता र ढुङ्गाले समेत छाइएका छन् । अहिले बजार क्षेत्र र सदरमुकाममा केही पक्की घर समेत निर्माण भएका छन् । लोकले परम्परादेखि प्रचलनमा ल्याएको आन्तरिक एवम् बाह्य संस्कार र व्यवहारलाई नै संस्कृति भनिन्छ  र सोहीअनुरूप यहाँको संस्कृति बाँचेको छ । यहाँ विभिन्न धर्म गर्ने मानिसको बसोवास छ । यहाँ धेरैजसो हिन्दू धर्मावलम्बी भए पनि बौद्ध र केही इस्लाम त केही क्रिश्चियन धर्मावलम्बीहरू पनि छन् । हरेकले-मृत्यु संस्कार आ-आफ्नै तरिकाले सम्पन्न गर्ने गर्दछन् । गुरूङ जातिले गुरूङ समाजमा मूर्दा अगाडि कोराको लामो कपडा लैजाने चलन छ जसलाई बाटो भन्ने गरिन्छ । मृत्यु संस्कारको सुद्धाइमा मासुकाटेर खाने खुवाउने चलन पनि गुरूङ समाजमा प्रचलित छ ।

लोकसाहित्यको क्षेत्रमा गुल्मी जिल्ला उर्वर नै छ, जसमा लोकगीतको फाँट निकै फराकिलो छ । यसबाहेक गाउँखाने कथा, उखान, टुक्का, तीजे, असारे र ऋतुकालीन गीत र नृत्य पनि प्रचलित छ । यहाँ नेवार समुदायमा लाखे नाचको प्रचलन पनि  पाइन्छ । यहाँ धामी झाँक्री प्रचलन पनि व्याप्त छ ।

## २.२ भुर्तुङ गा.वि.स.को सङ्क्षिप्त परिचय

पशिचमाञ्चल विकासक्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलको गुल्मी जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने भुर्तुङ गा.वि.स. पूर्णतया पहाडी भू-भाग भएको गा.वि.स. हो । यो गुल्मी जिल्लाको सदरमुकाम तम्घासदेखि पूर्वीय भाग कालीगण्डकी नदी किनारदेखि पशिचमोत्तर भागमा पर्दछ । भुर्तुङ गा.वि.स.को उत्तर तर्फ बाग्लुङ जिल्ला रहेको छ । यसको पूर्वतर्फ खड्गकोट गा.वि.स.र पश्चिम भागमा ग्वाघा गा.वि.स. रहेका छन् भने दक्षिण तथा केही पश्चिमी सीमा फोक्सिङ गा.वि.स. सँग जोडिएको छ । यस गा.वि.स.का प्रमुख बस्तीहरूमा अर्लाङतुङ, हिले, खस्कोट, धुँवाखोला, झिरवास, नयाँगाउँ, छापचौर, अमराई, गिठावट, गैराबारी, भुर्तुङ, नागाआदि पर्दछन् ।

### २.२.१ भौगोलिक अवस्था

गुल्मी जिल्लाका सुन्दर स्थानहरूमध्येको एउटा स्थान भुर्तुङ गा.वि.स. हो । यो गा.वि.स.जिल्लाको नक्सामा पूर्वीय क्षेत्रमा उत्तर दक्षिण फैलिएको छ र उत्तरी भाग भने बाग्लुङ जिल्लासँग छोइएको छ । यस गा.वि.स.का गबदे, सिस्ने, काय र गुहुदी खोलाका किनारमा खेती योग्य जमिन छ । माथिल्लो भागमा सिंचाइको सुबिधा छैन । अधिकांश भू-भाग भिरालो भएकाले बारी र खरभीरको रूपमा प्रयोग हुन्छ । यहाँको प्रमुख लेक कालीलेक उत्तरमा अवस्थित छ । वि.स. २०६३ मा स्थानीय नजताहरूको सक्रियतामा कच्ची मोटरबाटोले यस गा.वि.स.लाई छोएको छ । यस गा.वि.स.को हावापानी शितोष्ण रहेको छ । खोलाकिनारमा गर्मी समयमा बढी गर्मी हुने भए तापनि लेकतिर गर्मी हुँदैन । यहाँको मौसम मध्यम खालको छ । दक्षिणपूर्वी मनसुनबाट यहाँ वर्षा हुन्छ ।

### २.२.२ सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था

यस गा.वि.स.मा जातीय विविधता रहेकाले सामाजिक र सांस्कृतिक अवस्थामा विविधता पाइन्छ । हरेकले आ-आफ्नो धर्म, संस्कृति, रीतिरिवाज र परम्परालाई मान्दै आइरहेको पाइन्छ । भुर्तुङ गा.वि.स.का जनताहरू शिक्षाको हिसाबले साक्षर छन् । युवापुस्ताहरू भने शिक्षामा माथिल्लो स्तरसम्म पुगेको पाइन्छ । यहाँका केही ब्राह्मणहरूले प्राचीन समयदेखि नै पुरोहित्याइँ गर्ने गरेको पाइनछ । यहाँ हातले नै लेखेर शुक्लयजुर्वेद तयार पारेका पूर्वजहरूको इतिहास छ । यस गा.वि.स.मा एउटा मा.वि., एउटा नि.मा.वि.र पाँचवटा प्रा.वि. रहेका छन् । ज्योतिष विद्या जान्ने व्यक्तिहरू पनि यहाँ छन् । यहाँका मानिसहरू आस्तिक देखिन्छन् । यहाँ दसैं, तिहार, साउने-माघे सङ्क्रान्ति, ऋषितर्पणी, कृष्णाष्टमी, तीज, शिवरात्रि, चैतेदसैंजस्ता चाडपर्वहरू धुमधामसँग मनाइन्छ । यहाँ एउटा अचम्म को कुरा के छ भने खडेरी पऱ्यो र पानी परेन भने कालीलेकको डाँडामा गएर रूद्री पाठका साथै पूजाआजा गरेर "हरहर महादेव पानी देऊ" भन्दै परिक्रमा गर्ने गर्दछन् र यसो गरेपछि पानी पर्छ भन्ने जन विश्वास रही आएको छ । यहाँ देउसी भैलो खेल्ने, तीजको गीत गाउने र संस्कारअनुसार भजनकीर्तन एवम् पूजापाठ गर्ने चलन छ । बाहिर (परदेश) गएका मानिस गाउँ फर्केर आएकमा आमासमूहद्वारा गीत गाएर रमाइलो गर्ने चलन पनि गर्दछन् । मानिस वा पशुचौपाय बिरामी भएमा चामल छुवाएर लामासँग हेराउन जाने चलन छ, यस्तो विधिलाई आखत हेराउने वा हेर्ने भन्ने चलन छ । यहाँका अधिकांश जनताहरू कृषि पेसामा आश्रित भएकाले आर्थिक अवस्था मध्यम स्तरको रहेको पाइन्छ ।

## २.३ निष्कर्ष

यसरी ११४९ वर्ग किलोमिटर भित्र फैलिएको गुल्मी जिल्ला भित्रको एउटा सानो गा.वि.स.भुर्तुङ हो । यहाँ अनेक जातजातिका बासिन्दाहरूले बस्तीलाई सुरम्य बनाएर कृषि पेसालाई प्रमुख पेसाको रूपमा अपनाइ आफ्नो जीवन यापन सहजरूपमा गरिरहेको पाइन्छ । शैक्षिक स्तर तीब्र-गतिमा बढेको पाइन्छ । अनेक धर्म र संस्कृति मान्ने मानिस भए पनि यस स्थलमा रहेका देवीदेवताका मन्दिरमा आ-आफ्नै किसिमले पूजापाठ गर्ने गरेको पाइन्छ । यहाँ आफ्नो धर्म संस्कृतिअनुरूप विविध गीत, दोहोरी गीत र लोकगीत गाइनुका साथै मादल, मुजुरा, डम्फूजस्ता बाजाहरू बजाइन्छन् । मनोरञ्जनका लागि विभिन्न किसिमका मेला र जात्राहरू पनि यहाँ लाग्ने गर्दछन् । यहाँका बासिन्दाहरूको प्रमुख पेसाका रूपमा कृषि भए पनि केही व्यक्तिहरू वैदेशिक रोजगारमा र केही चाहिँ शिक्षण पेशामा तथा सेनामा भर्तीसमेत भएको पाइन्छ । भुर्तुङ गा.वि.स.मा कच्चीबाटो हालसालै पुगेको छ, तर वर्सात्को समयमा यातायात अबरूद्ध हुन्छ ।

**परिच्छेद–तीन**

# ३. लोकगीतको सैद्धान्तिक परिचय

लोकसाहित्य लोकको ऐना भएकाले यसमा जनजीवनका सामूहिक रहनसहन रीतिरिवाजको छाया प्रतिविम्बित भएको हुन्छ । लोकसाहित्यको अध्ययनबाट लोकचेतनामा सांस्कृतिक प्रस्फुटन कसरी भएको छ भन्ने कुरालाई जान्न सकिन्छ । सम्बन्धित भू-खण्ड संस्कृति यहाँका बासिन्दाहरूको मनोविज्ञान, लोकचेतना र चिन्तन प्रक्रियाको परिचय लोकसाहित्यको अध्ययनबाट प्राप्त गर्न सकिन्छ भने लवाइ-खवाइ, रहन-सहन, र चाडपर्वमा धनी र गरिबबीच आएका भिन्नताको ज्ञान लोकगीतका माध्यमबाट हुन्छ ।[९] लोकसाहित्यमा आडम्बर विहिन प्राकृत शैलीले गर्दा सामूहिक प्रभाव पार्ने विशिष्ट शक्तिहरू समाविष्ट रहेका हुन्छन् । सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तिब्रतर अभिव्यक्ति नै लोकसाहित्य हो ।[१०] लोकगीत शब्द अङ्ग्रेजीको 'फोक-सङ्ग'को पर्यायवाची शब्द हो । आर्यसंस्कृतिमा 'लोक' शब्दले अतल, वितल, सतल आदि १४ भुवनको सङ्केत गरेको पाइन्छ भने विश्वकोशमा 'लोक' शब्दको अर्थ आदिम जातिका ती सबै व्यक्ति जसको मेलबाट यो समाज बनेको छ भन्ने पाइन्छ । लोकगीतले कुनैपनि समाज, गाउँ तथा समय - परिवेशको रहनसहनलाई द्योतन गर्ने हुनाले आउँदा पुस्ताहरूले पनि यिनै गीतका माध्यमबाट पुर्ख्यौली सभ्यता, संस्कृतिलाई बोध गर्न सक्छन् भने बूढा पुस्ताले समयचक्रअनुसार परिवर्तित हुने सभ्यता-संस्कृतिलाई तथा भेषभुषालाई जान्न सक्छन् । विविध लय र टुक्काहरूमा गाउन सकिने लोकगीतले आफ्नो परम्परालाई निकै परिमार्जन सम्वर्द्धन गर्दै लगेको पाइन्छ । समयको परिवर्तनसँगै लोकगीतका संरचनामा पनि परिवर्तन भई नै रहन्छ । ठाउँअनुसार लोकगीत फरकफरक पाइने हुनाले एक ठाउँको लोकगीतबाट सम्पूर्ण ठाउँ, गाउँको संस्कृति झल्कन सक्दैन तर पनि ती प्रत्येक

---

[९] नरेन्द्र, (डा.), **भारतीय सहित्यकोश,** (नेशनल पब्लिसिङ हाउस, नयाँ दिल्ली, सन् १९८१) पृ. ७२-७८ ।

[१०] त्रिपाठी, वासुदेव, **सिंहावलोकन,** दो.सं., (साझा प्रकाशन, काठमाडौं, २०३२) पृ. ८८ ।

ठाउँमा आ-आप्नै लोकगीतबाट त्यहाँका हरेक अवस्थाको बारेमा जानकारी लिन सकिन्छ । गाउँ समाजका वस्तुस्थितिको यथार्थ चित्रण उतारिएका लोकगीतहरूमा मानवीय संवेदनाको आभास पनि पाइन्छ । मानवको मुटु छुने यी लोकगीतले आफ्नो क्षेत्रलाई के कति विस्तार तथा विकास गर्न सकिन्छ, यो किटान गर्न सकिँदैन तर पनि अहिलेको बदलिँदो परिस्थिति र २१ औं शताब्दीमा आएर हरेकमानवहरू यी लोकगीतप्रति आकर्षित हुनुबाट सहर सहरमा खोलिएका दोहोरीसाँझजस्ता कार्यक्रमबाट यसले गरेको विस्तारको नमुना स्पष्टसँग देख्न सकिन्छ । लोकगीत भनेको सुख-दुःख बिसाउने साझा चौतारी हो भन्नुमा अत्युक्ति नहोला । लोक गीतले जिल्ला र गाउँको परिचय दिनाका साथै यहाँको धर्म संस्कृतिलाई समेत परिचय दिने गरेको पाइन्छ ।

### ३.१ लोकगीतको परिभाषा

लोकगीत निरन्तर चलिरहने पवनजस्तै वा अविरलरूपमा बगिरहने नदीको जलजस्तै छ । बौद्धिकता भन्दा हार्दिकता वा भावनात्मकताको प्रधानता रहने यस विधालाई सामाजिक, सांस्कृतिक र आर्थिक कार्य सम्पादन, गर्ने सहयात्रीहरूले गाउँदै, सुनाउँदै र जीवन्त राख्दै आएको पाइन्छ । लोकगीतलाई चिनाउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विद्वानहरूले अध्ययन अनुसन्धान गर्दै आएको पाइन्छ । नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया-माया प्रेमभाव आभिव्यक्तहुने बेलामा स्वयमेव उदगारको रूपमा लयदार काव्यमय शैली झैं निस्कन्छ भनेका छन् ।[११] नेपाली साहित्यमा लोकगीतलाई जनसाहित्यको नामले चिनाउने काजीमान कन्दङवाले

---

[११] जोशी, सत्यमहन, “लोकगीतको केही झल्का”, **प्रगति**, २०१२, पृ. १४५ ।

जनसमूहका दैनन्दिनका भावनाहरूलाई अंगालेर लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[१२]

नेपाली लोकसाहित्यका अर्का अध्येता लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैँजडी, मुजुरा, आदि लोकवाद्यका रन्कोमा रोदीघरदेखि डाँडा पाखाहरूमा गुन्जने सुमधुर स्वरलहरीहरूलाई लोकगीत भनेकाछन् ।[१३] लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भूखण्डमा मात्र सीमित नहुनेहुँदा तिनलाई एउटै परिभाषमा समेट्न सम्भव छैन । समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटा गाउन र कथन सजिला मनोरञ्जन तथा तुरून्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रूवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन्  भन्ने धारणा राखेका छन् ।[१४] कालीभक्त पन्तले हरेकसमाजको स्वतन्त्र विधाको रूपमा चित्रण गर्दै भनेका छन् -"कसैका दबाब, धन, वक्सिस, पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त, नियुक्त, अनादरित र आदरित समेत जो कोइ जाति, व्यक्ति, लिङग, समाज-जिल्ला-गाउँसमेतका मानिसले कुनै पुस्तकी बन्धनले बद्ध नभएर बनाएको जो गीत हो त्यही नै लोकगीत हो ।[१५] लोकगीतका सन्दर्भमा ईश्वरबराल र अन्य सम्पादक रहेको **नेपाली साहित्यकोश**मा लोकगीतलाई यसरी प्रष्टाइएको छ -"नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ। यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ, सुबोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने दर्पण हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जनागर्ने कविहरूको नाम उल्लेख भएको पाइदैन ।

---

[१२] कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य,** (रोएल नेपाल एकेडेमी, काठमाडौं, २०२०) पृ. १०

[१३] लोहनी, लक्ष्मण, **रोदीघर,** दो.सं., (रत्न पुस्तक भण्डार, काठमाडौं, २०२२) पृ. ८-१२ ।

[१४] श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** (त्रि.वि., पा.वि.के., काठमाडौं, २०२८) पृ. १५ ।

[१५] पन्त, कालीभक्त, **गीतसुधारको राष्ट्रियबाटो,** (प्रकाशक लेखक स्वयम्, २०३३) पृ. ९७ ।

यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन ।[१६] यसरी समग्रमा सबै विद्वानहरूाका परिभाषाहरूलाई समेटेर भन्नुपर्दा लोकगीत समाजको आदिकालदेखि सामूहिक श्रुतिपरम्परामा आधारित त्यस्तो श्रब्य विधा हो। जसले सामाजिक जनमानसका सुख, दुःख, हर्ष, विस्मात, दया-माया, प्रेम, घृणा आदिलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दछ । अतः सांस्कृतिक परिवेशअनुरूप, समकालीन सामाजिक चेतनाको प्रस्फुटन लयात्मकरूपमा हुने अभिव्यक्तिलाई नै लोकगीत भनिन्छ ।

## ३.२ लोकगीतका तत्त्वहरू

लोकसाहित्यका विविध विधाहरू मध्ये लोकगीत पनि एउटा महत्त्वपूर्ण विधा हो । यो लोकसमुदायको साझा सम्पत्ति हो । यो एउटा लोककला पनि हो । लोकसाहित्यका विविध विधाहरूजस्तै लोकगीतको आफ्नै संरचना छ । यही संरचनात्मक स्वरूप भएको लोकगीतका संरचक घटकहरूलाई नै लोकगीतका तत्व भन्ने गरिन्छ । लोकगीतको सम्बन्ध भाषासँग हुन्छ । कुनै पनि भाषाको अस्तित्व कायम हुनु भनेको भाषाले मानवीय व्यवहारको सम्प्रेषण एवम् अदानप्रदान गर्ने क्रममा मानवीय अनुभूतिका उद्गारहरू भाषाकै माध्ययमबाट अभिव्यक्त हुनु हो र यहिदेखि लोकसाहित्यको सिर्जना प्रारम्भ हुन्छ । भाषिक अभिव्यक्ति पाएका यिनै विविध विषय र सन्दर्भका मानवीय जीवनका अनुभूतिद्वारा सिञ्चित भावोद्गारहरू नै लोकसाहित्यका सामग्री हुन थाल्दछन् । जीवनभोगाइका क्रममा मानवीय जीवनमा सञ्चित अनुभूतिहरूले भाषिक अभिव्यक्तिका क्रममा लयात्मक व्यङ्ग्य प्रस्तुतिमाएपछि लोकगीतको सिर्जना भएको पाइन्छ । मानिस पठित् होस् वा अपठित् आफ्नो जीवन भोगाइका क्रममा आइलागेका सुख दुःख, हर्ष, विस्मातका क्षणमा प्राप्त गरेका, आँसु-हाँसोको बोधलाई भाषाका माध्यमबाट लयात्मकताकासाथ कर्णप्रिय बनाउँदै बाहिर व्यक्त गर्ने क्रममा कलात्मक सचेतना वा सैद्धान्तिक मापदण्डविना सहज र स्वभाविक रूपमा प्रस्फुटित सामग्रीहरू प्रस्तुत गर्ने व्यक्ति वा समूहविशेषले

[१६] बराल, ईश्वर र अन्य (सम्पादक), **नेपाल साहित्यकोश**, (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, २०५५) पृ. ४३६ ।

लोकगीत  भित्र के कस्ता तत्त्वहरू अन्तर्निहित हुन्छन् भने चाल नपाए पनि गीत गाउँदा उसले गरेको लयात्मकता र गेयात्मकताको अनुसरणमा लोकगीतका तत्त्वहरू उक्त गीतमा स्वतः स्फूर्तरूपमा समेटिएको पाइन्छ । यस अर्थमा विविध संरचक घटकहरूको समायोजन भई लोकगीतको संरचना तयार हुन्छ । लोकगीतमा के-कस्ता तत्त्वहरू अन्तर्निहित रहेका हुन्छन् भन्ने सन्दर्भमा विभिन्न विद्वानहरूबीच सारतत्त्वका रूपमा मत मतभेद नरहे पनि शाब्दिक प्रयोगका क्रममा असमाञ्जस्य भने विद्यमान अवस्थामा पनि रहेको पाइन्छ । विभिन्न विद्वान्हरूले दिएका लोकगीतका तत्त्वहरूलाई अध्ययन गर्दा त्यसका आधारमा लोकगीतका मूलतत्त्वका रूपमा कथ्य, भाषा, छन्द/ लय, स्थायी/अन्तरा/थेगो, सङ्गीतलाई लिएको पाइन्छ । जसका बारेमा निम्नानुसार विवेचना गरिएको छ ।

### ३.२.१ कथ्य

कथ्य लोकगीतको केन्द्रीय तत्त्व हो । कथ्यलाई भाव, सन्देश वा विषय पनि भनिन्छ । लोकगीतका माध्यमबाट जे भनिन्छ त्यो कथ्य हो । भावद्वारा लोकगीतमा प्राणसञ्चार भएको हुन्छ । कुनै परिवेश, घटना, क्रियाकलाप वा कल्पना विशेषद्वारा मानवीय हृदयमा अनुभूति सञ्चित भएर लोकगीतमा व्यक्त भएको भावविशेष नै लोकगीतको कथ्य हो शाब्दिक समायोजनका साथ व्यक्त भएको स्वर र लययुक्तँ कथनमात्र लोकगीत नभई यसमा कथ्यको अनिवार्यता रहन्छ । लोकगायकले गीतका माध्यमबाट आफ्ना देखाइ, बोलाइ सुनाइ र गराइ जस्ता क्रियाहरूलाई भाषाका रूपमा गीतमा व्यक्त गरेको हुन्छ । यही नै लोकगीतको कथ्य  हो । लोकगीत मानवजीवनमा आइपरेका सुख, दुःख, हर्ष-विस्मात, मिलन-विछोड, हर्ष-उल्लास, समस्या, अभाव, संयोग-वियोग, प्रेम-घृणाआदि भावका साथै व्यवहारिक गतिविधिहरू पनि वर्णन गर्ने विषय बनेर आएका हुन्छन् । समग्रमा भन्नुपर्दा लोकगीत सुन्नेले जे बुझ्छ, त्यो नै गीतको कथ्य हो ।

### ३.२.२. भाषा

लोकगीतको कथ्य विषयवस्तुअनुसार यसमा भाषाको समायोजन गरिएको हुन्छ । भाषा अभिव्यक्तिको माध्यम भएकाले यसमा आफ्नै विशेषता र महत्त्व रहेको पाइन्छ । समयको परिवर्तनसँगै समाज, सन्दर्भ, परिवेश, विषयआदिको नियन्त्रणमा लोकगीत सामान्य र परिष्कृत वा नयाँ र पुराना शब्दहरूको चयन गरिएको हुन्छ । जनमानसमा प्रभाव पार्नका लागि त्यहाँ अभिधात्मकका साथै काव्यात्मक वा लक्षणात्मक र व्यञ्जनात्मक भाषाको पनि  प्रयोग गरिएको पाइन्छ । लोकगीत भाषामा अभिव्यक्त हुने हुँदा एक पुस्तादेखि अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै अद्यावधि जीवित रही आएको पाइन्छ ।

### ३.२.३ लय

लयलाई छन्द पनि भनिन्छ । लयका कारणले गर्दा लोकगीतलाई लोकसाहित्यका अन्य लयविहीन विधाबाट छुट्याएर स्वतन्त्र विधाका रूपमा हेर्ने गरिएको पाइन्छ । लोकगीतमा एक प्रकारको छान्दिक समायोजनद्वारा स्वरगठन भई शब्दहरूको वितरणद्वारा लयसिर्जना भएको पाइन्छ । यस तत्त्वले अन्यविधाका संसर्गबाट पृथक राख्ने भएकाले नै यसलाई केन्द्रीय तत्त्व मानिदै आएको छ । लयमा मध्य र द्रुत र विलम्बित गरी तीन प्रकारहरू बढी रहेको पाइन्छ । द्रुतलयमा छिटो-छिटो गाइन्छ भने मध्यमा लयमा मध्यम किसिमले गाइन्छ र विलम्बित लयमा ढिलो गाइन्छ । शास्त्रीय र लौकिक गरी दुई छन्दको प्रयोग लोकगीतहरूमा हुन्छ । दोहा, खाँडो, सवाईआदि शास्त्रीय छन्दमा पर्दछन् भने असारे, झ्याउरे, भोटेसेलो, रत्यौलीआदि लौकिक छन्दमा पर्दछन् ।

### ३.२.४ स्थायी

स्थायीलाई अन्तरा र थेगो पनि भन्ने गरिन्छ । स्थायी भनेको लोकगीतमा पटक-पटक दोहोरिएर आउने भागविशेषलाई बुझिन्छ । गीतलाई अगाडि बढाउनका लागि र अर्थ स्पष्ट पार्नका लागि प्रयोग गरिएको एकपटक पनि नदोहोरिने

भागविशेषलाई अन्तरा भनिन्छ । लोकगीतको बीचबीचमा प्रयोग हुने हो, हा, ए, रेलिमै, ए कान्छीआदि जस्ता उद्गारबोधक अंश विशेषलाई थेगो भनिन्छ । स्थायी, अन्तरा र थेगोले लोकगीतलाई सङ्गठनात्मक स्वरूप प्रदान गर्नाका साथै श्रुतिमधुर बनाउने गर्दछन् ।

### ३.२.५. सङ्गीत

कर्णप्रिय/श्रुतिरम्य र भावमय बनाउनका लागि लोकगीतमा सङ्गीतको समायोजना गरिन्छ । गीत, नृत्य र वाद्यको सङ्गमबाट निस्कने धुनविशेषलाई सङ्गीत भनिन्छ । गीतको आरोह-अवरोह, गति-यति, उठान-बैठान, मोडहरूलाई बढी प्रभावकारी बनाउनका साथै पूर्वापर सन्दर्भलाई जोड्न र भावकमा गीतको गुञ्जनलाई चिरकालसम्म ध्वनित पार्नका लागि सङ्गीतको ठूलो भूमिका रहेको पाइन्छ । सङ्गीतमा निम्नलिखित कुराहरूको विशेष महत्त्व रहेको हुन्छ ।

#### ३.२.५.१ श्रुतिमधुरता

श्रुतिमधुरता लोकगीतको आफ्नो छुट्टै पहिचान हो , जसले श्रोतालाई मन्त्रमुग्ध पार्न सक्दछ । कर्कश शब्द र स्वर भएका लोकगीतलाई श्रोताहरूले सुन्न मन पराउँदैनन् ।

#### ३.२.५.२ लयबद्धता

लोकगीतमा लयबद्धता हुनु नितान्त आवश्यक छ । लोकगीत लयबद्ध भएन भने हृदयस्पर्शी हुन सक्दैन । लयबद्ध रूपमा गाइएका गीतहरू कर्णप्रिय हुन्छन् ।

#### ३.२.५.३ अनुप्रासीयता

लोकगीतमा अन्त्यानुप्रासलाई विशेष जोड दिइएको पाइन्छ । अनुप्रासविहिन लोकगीतलाई त्यति राम्रो मानिदैन । त्यसकारण एक साङ्गीतिक तत्त्वको रूपमा अनुप्रासलाई लिने गरिन्छ ।

## ३.३ निष्कर्ष

लोकसाहित्यका विविध विधाहरूमध्ये महत्त्वपूर्ण विधाका रूपमा रहेको लोकगीतले धेरै पहिलेदेखि नै आफ्नो स्वरूपलाई सुरक्षित राखेको पाइन्छ । समाजका सांस्कृतिक, धार्मिक र ऐतिहासिक रीतिरिवाजलाई लोकगीतले बोकेको हुन्छ । समयको परिवर्तनसँगै लोकगीतहरू परिवर्तन भएका पाइन्छन् । तापनि विविध ठाउँका जनताहरू लोकगीतले कुनै पनि ठाउँको भन्ज्याङ, चौतारी, खेत र मेलापात गुञ्जाएमान बनाएको पाइन्छ ।

**परिच्छेद–चार**

# गुल्मी जिल्ला भुर्तुङ गा.वि.स.का लोकगीतहरूको वर्गीकरण र विवेचना

## ४.१ पृष्ठभूमि

सुन्दर प्राकृतिक छटाले भरिएको गुल्मी जिल्लाको पूर्वीय भेकमा भुर्तुङ गा.वि.स. रहेको छ । अनेकजात जातिको सङ्गमस्थलका रूपमा रहेको यस गा.वि.स.मा विभिन्नथरिका लोकगीतहरू गुन्जिएको पाइन्छ । गुल्मी जिल्लाको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक परिधिमा हुर्कने अवसर पाएका नेपाली लोकगीतहरूले यस गा.वि.स.मा पनि त्यही अनुरूप फस्टाएको कुरा प्रष्ट हुन्छ । यहाँका बासिन्दाहरूले भोगेका भोगाइ, संस्कृति, व्यवसाय, प्रकृतिआदिलाई लोकगीतले विषयवस्तु बनाएको पाइन्छ ।

यस भुर्तुङ गा.वि.स. मा विभिन्न समय परिस्थिति र परिवेशअनुसार विभिन्न किसिमका गीतहरू गुन्जिएर हरेक मानिसलाई मनमोहक बनाउँदै मोहित पारेको पाइन्छ । मानवीय भोगाइ र अन्य विभिन्न अवस्थासँग समायोजन गरिएका यस्ता गीतहरू यस गा.वि.स.मा बसोबास गरेका मानिसहरूका साथै अन्य स्थानमा रहेका मानिसहरूको पनि हृदयस्पर्श गर्न सक्षम छन् ।

## ४.२ वर्गीकरण

गुल्मी जिल्ला अन्तर्गत भुर्तुङ गा.वि.स.मा प्रचलिन नेपाली लोकगीतका सन्दर्भमा नेपाली लोकगीतका अध्येताहरूले गरेका वर्गीकरणका आधारमा प्रस्तुत गरी तिनकै आधारमा भुर्तुङ गा.वि.स.का नेपाली लोकगीतको वर्गीकरण गर्नु सान्दर्भिक ठहरिने छ । नेपाली लोकगीतका अध्येताहरूका वर्गीकरण निम्नानुसार छन् ।

नेपाली लोकगीतको वर्गीकरण गर्ने क्रममा काजीमान कन्दङ्वाले लोकगीतलाई सकर्मक र अकर्मक गरी दुई भागमा बाँडी त्यसका भेद र उपभेदलाई

पनि छुट्याएका छन् ।[१७] धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचनामा सामान्य गीत, संस्कार गीत, ऋतु वा व्रतसम्बन्धी गीत, कर्मगीत, पर्वगीत, लोकनृत्य मूलक गीत र विविध गीत गरी सात प्रकारले नेपाली लोकगीतको विभाजन गरेका छन् ।[१८] सत्यमोहन जोशीले नेपाली लोकगीतलाई आठ भागमा विभाजन गरेका छन् - भजनका रूपमा गाइने नेपाली लोकगीत, नृत्यसँग उनिएका लोकगीत, प्रेममय जीवनसँग गाँसिएका लोकगीत, चाडवाडसँग समन्वय भएका लोकगीत, सामयिक लोकगीत, युद्धक्षेत्रमा प्राण सञ्चार गर्ने लोकगीत, कथा गाँसिएका लोकगीत र उत्सवमा झिकिने लोकगीत ।[१९] लोक संस्कृतिका अध्येता कालीभक्त पन्तले नेपाली लोकगीत नौ प्रकारका भएको उल्लेख गर्दै तिनीहरूको परिचयसमेत दिएका छन् ।[२०] कृष्णप्रसाद घिमिरेका अनुसार नेपाली लोकगीत चार प्रकारका छन् । ती हुन् - संरचना वा विषयवस्तुका आधारमा आन्तरिक र बाह्य, प्रस्तुतीकरणका आधारमा - शुद्ध गायन, नृत्य गायन र वाद्य- नृत्य गायन । रसप्रधानताका आधारमा - हास्य, वीर, करूण र शान्त तथा गायनका आधारमा - एकल र समूहगत गायन ।[२१] शम्भुप्रसाद कोइरालाले नेपाली लोकगीतको वर्गीकरण आठ प्रकारले गरेको पाइन्छ - बाह्रमासे गीत, ऋतुसम्बन्धी गीत, ब्रतसम्बन्धी गीत, संस्कार सम्बन्धी गीत, नृत्य सम्बन्धी गीत, श्रमसम्बन्धी गीत, पर्वसम्बन्धी गीत र विविध गीत ।[२२]

चूडामणि बन्धुले नेपाली लोकगीतलाई दुई प्रकारमा विभाजन गरेका छन् - सामान्य गीत (सधैं गाइने एकल, सामूहिक गीत र दोहोरी गीत) र विशिष्ट गीत

---

[१७] कन्दङ्वा, काजीमान, पूर्ववत, पृ. १०

[१८] थापा, धर्मराज र हंसपूरे सुवेदी, पूर्ववत पृ. १८

[१९] जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** (रत्न पुस्तक भण्डार, काठमाडौं, २०४१, पृ. ३८ ।

[२०] पन्त, कालीभक्त, **हाम्रो सांस्कृतिक इतिहास,** दो.सं., (लेखक स्वयम् स्याङ्जा, २०४३) पृ. ५३ ।

[२१] घिमिरे, कृष्णप्रसाद, **लोकगीतको परिभाषा र वर्गीकरण,** कुञ्जिनी, काठमाडौं, २०५४) पृ. २२ ।

[२२] कोइराला, शम्भुप्रसाद, (डा), **लोकसाहित्य, सिद्धान्त र विश्लेषण,** दो.सं., (धराणीधर पुस्तक प्रतिष्ठान, विराटनगर, २०५६) पृ. २८/२९ ।

धार्मिक गीत (संस्कारगीत, पार्विक गीत र श्रमगीत) ।[२३] कृष्णप्रसाद पराजुलीका अनुसार नेपाली लोकगीत, वर्षचक्रीय र जीवनचक्रीय गरी दुई प्रकारका छन् ।[२४]

यसप्रकार यस लघु अध्ययनपत्रमा उपर्युक्त विद्वानहरूकै नेपाली लोकगीतका वर्गीकरणका आधारमा वर्तमान समयमा गुल्मी जिल्ला भुर्तुङ गा.वि.स. मा प्रचलित नेपाली लोकगीतहरूको मोटामोटी रूपमा निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ ।

**भुर्तुङ गा.वि.स.मा प्रचलित लोकगीत**

| संस्कारगीत | पर्वगीत | कर्मगीत | बाहृमासेगीत | धार्मिकगीत | विविध |
|---|---|---|---|---|---|
| मागल | तीजगीत | जेठेगीत | ठाडो भाका | आरती | बालगीत |
| खाँडो | भैलोगीत | असारेगीत | सालैजो | श्रीकृष्णको भजन | लामाखेल्ने गीत |
| रत्यौली | देउसीगीत | घाँसेगीत | सुनिमाया | | |
| | फागुगीत | | यानिमाया | तीनठुन्के भजन | |
| | | | झ्याउरे | कीर्तन | |
| | | | चुड्का | | |
| | | | रोइला | | |
| | | | यानिर्लै | | |
| | | | ख्याली | | |
| | | | दोहोरी | | |

---

[२३] बन्धु, चूणमणि, **नेपाली, लोकसाहित्य,** (एकता बुक्स, काठमाडौं, २०५८) पृ. ५३ ।

[२४] पराजुली, कृष्णप्रसाद, पूर्ववत, पृ. २७ ।

## ४.३ पाठ र विवेचना

### ४.३.१ संस्कार गीत

संस्कार भन्नाले जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने विविध धार्मिक, सांस्कृतिक, क्रियाकलापहरूलाई बुझिन्छ । यो संस्कार शब्द संस्कृतको ‘कृ’ धातुमा ‘सम’ उपसर्ग र ‘घञ’ प्रत्यय लागेर बनेको हो । यस शब्दले परिमार्जन, परिष्कार वा शुद्धीकरण भन्ने अर्थ बुझाउँछ । मानवीय जीवनमा धर्मको महत्त्वपूर्ण स्थान छ । हाम्रो धर्म र संस्कृतिका आधारमा जन्मदेखि मृत्युपर्यन्त हरेक कर्महरू धार्मिक विधिसम्मत छन् । सांस्कृतिक चिन्तनको धरातलमा संस्कारको प्रबल महत्त्व रहेको छ ।[२५]

#### ४.३.१.१ मागल गीत

मागल मङ्गल शब्दबाट परिवर्तन भई बनेको पाइन्छ । यसलाई महाल पनि भनिन्छ । यसको अर्थ शुभ वा राम्रो भन्ने नै हुन्छ । हिन्दूहरूका हरेक शुभकार्यमा प्रसाद बनाउनु पर्ने हुन्छ । तिनै प्रसादहरूमध्ये कसार पनि एक हो । यसरी शुभकार्यमा गाइने भए तापनि वर्तमान समयमा यस भुर्तुङ गा.वि.स.मा विशेषगरी ब्राह्मण जातिका ब्रतबन्ध र विवाहको समयमा यसको प्रचलन रहिआएको पाइन्छ । व्रतबन्ध र विवाहको अघिल्लो दिन साँझमा कन्याहरूलाई जम्मा गरी घरकी आमाले टीका लगाइदिएपछि पहिला कन्या हरूले एक दुई वटा कसार बनाएपछि सबै महिलाहरूले बनाउने गर्दछन् । कसार बटार्ने क्रममा सबैजना मिलेर मागल गाउँछन् र यो गीत दुलाहा दुलहीका घरतर्फ जाँदा र दुलही लिएर आइसकेपछि भित्र्याउँदा पनि गाइने प्रचलन रहिआएको छ । यो मागल सामूहिक रूपमा, एकै स्वरमा दिदी - बहिनी मिलेर गाउँछन् । यस गीतको पाठ यस प्रकार रहेको छ -

हामरा भाइ बिहा भयो कसारै बटारम्

कसारै बटारम्

---

[२५] कोइराला, शम्भुप्रसाद, पूर्ववत, पृ. ५४ ।

ओ.............हो..............कसारै बटारम् ।

आजै र मैले घाँसै र काटे उकालाको भीरैमा

चौधारा आँसु बगाई रून्थेँ आमाको पीरैमा

हामरा भाइ बिहा भयो कसारै बटारम्

ओ..................हो..............कसारै बटारम्

छ्रुपु र छ्रुपु धानै र रोप्यौँ हातको बिउ छउन्जेल

राम्रै र खाम्ला राम्रै र लाम्ला बाबाको जिउ छउन्जेल

हामरा भाइ विहा भयो ...................................

ओ....................हो.......................................।

चिलाउने हलो फलामे फाली धरती धसम्ला

न मेरो अघि न मेरो पछि को देखि बसम्ला

हामरा भाइ बिहा .............................

ओ................हो.............................

सबका देख्चु सँगि र साथी जोल परी हिनेको

आफ्नो त भन्नु कोइ छैन बरै संसारमा चिनेको

हामरा भाइ ..........................................

ओ.....................हो...............

स्रोत : राधिका गौतम,

लिङ्ग :- स्त्री

उमेरः ३५

ठेगानाः- भुर्तुङ ९, नागा

यसरी मागल गीतमा दिदी-बहिनीका कथा, व्यथा र वेदनाहरूलाई सबै भेटभएका बेलामा पोख्ने गरेको पाइन्छ । यस्ता गीतहरू समूहमा गाइन्छन् । कुनै पनि वाद्यवादनका साधनविना विलम्बित लयमा यी मागल गाइन्छन् । यस्ता गीतहरूमा अन्त्यानुप्रास मिलेको भए पनि शब्दसङ्ख्या र वर्णको एकरूपता पाइदैन । असमान अक्षरहरूको संयोजन भए पनि यी गीत लयात्मक हुन्छन् । पछिल्ला पङ्क्तिहरूलाई पटक-पटक दोहोऱ्याएर गाउने गरेको पाइन्छ । भाषामा स्थानीय भाषिका हामरा, देख्चु, बिहा जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ ।

### ४.३.१.२ खाँडो गीत

गुल्मी जिल्ला अन्तर्गत रहेको यस भुर्तुङ गा.वि.स.मा ठकुरी (शाह, हमाल) छेत्री अदि जातिको पनि बसोबास रहेकाले जसरी ब्राह्मण जातिमा मागलको प्रचलन छ, ठीक त्यसैगरी यिनीहरूमा खाँडो गाउने प्रचलन छ । यो खाँडो यो क्षेत्र विशेषको मात्र नभई जाति विशेषको हो भन्नु युक्तिसङ्गत देखिन्छ, खाँडो वीररस प्रधान हुन्छ ।

शाहवंशीय राजपरम्पराबाट यो विकसित भएको पाइनछ । खाँडो भनेको खड्ग हो र खाँडो जगाउनु भनेको खड्गमा धार लगाउनु हो । शाह वंशका पुर्खा जैन खानले खिलुङमा नुवाकोट राज्य स्थापना गरेपछि त्यहीँ नै रणकाली (देवी)को पनि स्थापना गरी मन्दिरमा खाँडो जगाउने परम्पराको सुरूआत गरेका हुन् ।[२६] यो जे जसरी सुरूआत भए पनि यस क्षेत्रमा विवाहको अघिल्लो दिन नै सरसफाइ गरी तरवार र त्रिशुललाई ठीक पारेर राखिन्छ । त्रिशुल जस्तो तर एउटा मात्र तीखो वस्तु माथितिर भएको लौरो आकारको बस्तु (स्थानीय बोलीचालीमा निसान वा सान) लाई पूजा गरी विवाहका दिन विभिन्न गीत गाएर त्यसलाई समाती केटा पक्षका जन्ती कन्याका घरतिर जान्छन् तर तरवार घरमा राख्छन् भने सानलाई जन्तीसँगै लिएर जान्छन् । सान समात्ने मानिस अगाडि रहेको हुन्छ । उता केटी पक्षका घरमा तरवारलाई सजायर राखिन्छ । विवाह मण्डपमा खाँडो गीत गाइसकेपछि इशान

[२६] पन्त, कलीभक्त, पूर्ववत, पृ. ५८ ।

कोणमा गाडेको केराको थाम तरवारद्वारा काटेपछि खाँडो गीत सकिन्छ । खाँडो गीत निम्नानुसार छ -

श्री प्रतापी राजा बाबुआ राउल,

तनके सपुत सन्तन राउल

मिलुआ भिलानका सुआमी राउल

सबै जग जगनका सुआमी राउल

ननानसमे कमने राउल

समनसे निया देत राउल

वीरनमे महावीर राउल

समनमा बल्गात नाचन राउल

जहाँ वात तहाँ जीत राउल

जागरे खाँडो जागरे खाँडो

जागरे जागरे जागरे ॥

यसरी प्राचीन समयदेखि चलिआएको परम्परालाई यहाँका ठकुरी सम्प्रदायले धानेका छन् । यो खाँडो पुराना पुस्तालाई गाउन आउँछ । नयाँ पुस्ताले भने सिक्ने चेष्टा नगरेकाले केही समय पश्चात् यो लोप हुने अवस्थामा छ । भाषा कठिन र दुर्बोध्य भएकाले पनि त्यति श्रुतिमय छैन । यो गाउन वाद्यवादनको आवश्यकता पनि पर्दैन । यस गीतलाई सामूहिक रूपमा गाइन्छ र त्यसरी गाउने क्रममा पुरूषवर्गको मात्र सहभागिता रहन्छ ।

### ४.३.१.३ रत्यौली गीत

रत्यौलीलाई रतेली पनि भनिन्छ । रात शब्दमा 'एली' प्रत्यय लागेर 'रतेली', 'एउली' वा 'यौली' प्रत्यय लागेर 'रतेउली' र 'रत्यौली' शब्दको निर्माण भएको पाइन्छ । रत्यौलीको अर्थ रातको समयमा मनोरञ्जनकालागि गाइने गीत भन्ने वुझिन्छ ।[२७] विवाहका दिन दुलाहालाई घरबाट अनमाइ सकेर दुलहीका घरतर्फ पठाइसकेपछि महिलाहरू दुलहाका घरमा भेला भएर रातभर स्वतन्त्ररूपमा गाइने गीत नै रत्यौली हो । यसमा महिलाहरू नै पुरूषको भेष बनाएर नारी-पुरूष बीचको गीतमय संवाद ( समूहगत रूपमा) हुने गर्दछ । गाउँका सबै पुरूष जन्ती जाने र महिला हरूमात्र विवाहको घरमा जम्मा भएर स्वतन्त्रपूर्वक , स्वच्छन्द रूपमा , श्रृङ्गारिक भावले ओतप्रोत भएका गीत गाउँछन् । यस्तो रत्यौलीमा महिलाहरू अलि बढी नै उत्ताउला र छाडा प्रवृत्तिमा आ- आफू बीच विभिन्न श्रृङ्गारिक हाउभाउ गर्ने गर्दछन् । यसमा पुरूषलाई प्रवेश गर्न दिइँदैन । यदि पुरूष त्यस ठाउँमा गएमा उसलाई सबै मिलेर बेइज्जतीसमेत गर्ने गर्दछन् । रत्यौलीमा रोमाञ्चक पाराकालय र आवाजहरू गुन्जाउने गरिन्छ । रत्यौलीगीतको पाठ यस प्रकार छ :-

क) उकालीमा जाँदा जाँदै, देउरालीलाई पाती
अरे भैया देउरालीलाई पाती
जन्मदिनेआमा भन्दा,आफ्नै दुलही जाती
अरे भैया आफ्नै दुलही जाती
धान काटे बालैबाला, कोदाको कपनी
अरे भैया कोदाको कपनी
कस्ती दुलही ल्याउँदा रहिचौ ,हेरौँला म पनि
अरे भैया हेरौँला म पनि

---

[२७] त्रिपाठी, वासुदेव र अन्य, **नेपाली बृहत् शब्दकोश,** (ने.रा.प्र.प्र., काठमाडौं, २०४०) पृ. १२२/१२३ ।

थालमाथि चिउरा त, चिउरा माथि घिउ

अरे भैया चिउरा माथि घिउ

वुहारी आउलिन् आज अव, होलान् एकै जिउ

अरे भैया होलान् एकै जिउ

ख) कानै खायो कट्कटी कानेगुजीले

गाँठे कानेगुजीले

मेरा बाँदुरै कानेगुजीले

यत्ता कनाउँचु

मेरा बाँदुरै उत्ता चिलाउँछ

उत्ता कनाउँचु

मेरा बाँदुरै यत्ता चिलाउँछ ।

स्रोत

सविना वि.क<br>
उमेर ६० वर्ष<br>
लिङ्ग स्त्री<br>
ठेगाना -भुर्तुङ ९

रत्यौली अलि असंयमी पारामा गाइन्छ भने त्यसमा अश्लील शब्दहरू पनि प्रयोग गर्ने गरेको पाइन्छ । यस क्रममा नव आगन्तुक बुहारीलाई भए - नभएका आरोप - प्रत्यारोप लगाइने पनि गरिन्छ । यसमा नारीले नै नारीको अपमान गरेजस्तो पाइन्छ । यस्ता अश्लील शब्द प्रयोग हुनुलाई महिलाहरूले रत्यौलीमा सामान्य नै मान्छन् । यो एउटा परम्परा नै बनी आएको छ । विवाहाका दिन , विहान ग्रहशान्ती गर्न बालेको बत्ती भोलिपल्ट दुलही नभित्र्याउँदासम्म ननिभाउने भन्ने जनविश्वासका आधारमा पनि महिलाहरू रातभर जागा बसी रमाइलो गर्ने गर्दछन् ।

भाषमा गाउँमा बोलिने बोलीको प्रयोग भएको पाइन्छ, च को बढी प्रयोग भएको पाइन्छ । अन्त्यानुप्रास लगभग मिलाइएको हुन्छ । शब्दहरू यस गीतमा असमान बनेर पङ्क्तिमा आए पनि गाउँदा लय मिलेजस्तो लाग्दछ । यी गीत श्रुतिपरम्परामा आधारित छन् । वाद्यवादन विना नै रत्यौली गीत गाउँने गरेको पाइन्छ । कतैकतै मादलसम्म बजाउने गरेको समेत पाइन्छ ।

### **४.३.२. पर्वगीत**

हामी नेपालीहरू वर्षभरिमा के कति पर्व मनाउँछौँ, त्यसको लेखाजोखा छैन । यहाँ प्रत्येक जाति र वर्गले आ-आफ्नै प्रकारका पर्वहरू मनाउने गर्दछन् । गुल्मी जिल्ला भुर्तुङ गा.वि.स मा पनि विभिन्न जाति तथा वर्गको मिश्रित समाज भएकाले यस भेकमा विभिन्न पर्वहरू आफ्नै तरिकाले मनाइन्छ । यस्ता पर्वहरूमा गीतहरूगाउँने र नाच्ने परम्परा पुस्तौदेखि चल्दै आएको पाइन्छ ; त्यस्ता पर्वमा गाइने गीतहरू यस प्रकार छन् :-

तीज गीत , भैलो , देउसी, फागु ।

### **४.३.२.१. तीजका गीत**

नेपाली नारी जातिको महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तीजगीत हुन. । यस पर्वमा विशेषगरी हिन्दू नारीहरूले व्रत बसी शिवजीको पूजाआजा समेत गर्ने गर्दछन् । विवाह भएर घरमागइसकेकी चेलीलाई तीजको अवसरमा माइतबाट लिन जानेपरम्परा अद्यावधि छँदै छ । यस भुर्तुङ गा.वि.स मा मध्यमवर्गीय समाज भएकाले यहाँका नारीहरूले अनगिन्ती पीडा र व्याथाका कथाहरू गीतमा पोख्ने गरेको पाइन्छ । घरमा सासूले बुहारी माथि गर्ने व्यवहार, नन्द, भाउजुको द्वन्द्व, पति र पत्नीको असमानतापूर्ण व्यवहारआदिले यसक्षेत्रको समाजलाई नराम्रोसँग प्रभावित पारेको छ । तीजका गीतहरूमा यी सम्पूर्ण कुराहरू प्रकट भएका हुन्छन् । वर्तमान समयमा शिक्षाको विकाससँगै यस्ता गीतहरूमा पनि केही परिवर्तनका स्वरहरू भेट्न सकिन्छ । तीजको अघिल्लो दिनलाई दरखाने भनिन्छ ।

उक्त दिन विशेषतः खीर , ढकनी , र घ्यू राखेर पकाएको भातआदि मीठा-मीठा परिकारहरू बनाएर खाने गरिन्छ । यस पर्वलाई विशेषगरी नारी जातिको पर्वका रूपमा लिनेगरिन्छ । भुर्तुङ गा.वि.स. मा प्रचलित तीजगीतहरू यस प्रकार छन् :

खुसी र उमङ्गको चाड तीज आयो
हिँड दिदी बहिनी अब माइत जानी हो ।
मलाई लिन अवश्य भाइ आउँछ भनेर
बसेकी छु म सधैँ रात दिन गनेर ।
भाइ लिन आउने छ झोला लिई हातमा
अनि माइत जाने छु भाइका साथमा ।
रमाउँदै -रमाउँदै माइत घर जानी हो
आमाले पकाएको दर खानी हो ।
मनमा खुसी साँचेर बसेकी चेलीलाई
माइतबाट लिन अझै आएनन् खोइ ।
दरखाने दिनको राति रोएरै काटिछन्
विहानै उठेर चिठी माइत लेखिछन् ।
मेरो माया लाग्दो होत भैया लिन आउँदो हो
म र दुःखिनीलाई माइतीले किन विर्सेको

स्रोतः
सीता गौतम
उमेरः ३० वर्ष
लिङ्गः स्त्री
ठेगानाः भुर्तुङ्ग ९, नागा

पोहोर पनि जान पाइन यही घरका कामले
छोरी आइन भन्दिहोलिन् मेरी आमाले

तीज आयो भनेर आए भाइ लिनलाई
सासूज्यूले दिइनन् विदा माइत जानलाई
स्वामीज्यूलाई सोधूँ भने हेर्छन ठूला आँखाले
उहाँलाई बिगार्दैछ रक्सी जुवा तासले ।
कर्म मेरो यस्तै भयो के गर्ने भाइ
तिमीले राम्रो सँग पालेहै हाम्री आमालाई ।
लिन आएको भाइ रूँदैरूँदै घर फर्कियो
अभागी रैछु मत मुटु सारै चर्कियो ।

स्रोत :
गीता शाह
उमेर ३५
लिङ्ग स्त्री
ठेगाना भुर्तुङ ९ (नागा)

रूँदैरूँदै पराईको घर जानी हो
धेरै छोरी भए पनि आफ्नै कर्म खानी हो ।
पराईको घर गएर आँगनीमा बस्ने हो
कसको मुख हेरेर भित्र पस्नी हो ।
स्वामी मुख हेरौँ भने खुन खाएको बाघ झैँ
सासू मुख हेरौँ भने बलेको आगाझैँ ।
जसको मुख पनि देख्छु कालानीला अँधेरा
ठूलो गाउरी टिपेर जान्छु पँधेरा ।
पानीको गाउरी ल्याई पिंढीमा बिसाउँदा
कस्तो भएहोला मेरो मन सासू रिसाउँदा ।
विहानै उठेर मुरी धान कुटेर

घाँस काट्न जान्छु बरै ठूलो डोको रोजेर ।
घाँस दाउराको भारी माथि असिन्धारा पानी छ
चौपारीमा विसाएर रून्छु बरिलै ।

स्रोत :
हरिकला गौतम
उमेर ४५
लिङ्ग स्त्री
ठेगाना भुर्तुङ ९, नागा

आफूभन्दा साना भाइलाई कापी कलम किन्दिनी
म र एउटी छोरीलाई डोको बुन्दिनी ।
आफू भन्दा साना भाइले चिठी पढ्छ खरर
एकको नोट नचिनेर रून्छु धरर ॥
दिन दिनै जान्छु आमा साहूका मेलामा
पेट भरी खान छैन भाते बेलामा ।
जति दुःख गरे पनि साहुको ऋण बढ्ने हो
गरिबको जीवन आमा यसै सड्ने भो ॥

स्रोत : सरु गौतम
उमेर २३
लिङ्ग स्त्री
ठेगाना भुर्तुङ ९ नागा

यसरी तीजका गीतहरूमा बर्सात्को दुःख पछि माइत जाने प्रफुल्ल मूद्रामा रहेकी चेलीलाई लिन नआउँदाको दुःख, पीडा व्यक्त भएको पाइन्छ । अगाडि पछाडि आफै पनि एक्लै माइत जाने चेली तीजमा भने लिन नआएसम्म नजाने चलन यस

क्षेत्रमा अद्यावधि छँदै छ । माइत जान नपाएर बिलौना गर्ने गरेको पनि पाइन्छ । यी गीत एकजनाले भाका झिक्ने र  अरूले गाउने सामूहिकता नै यसको विशेषता हो । नारी विवाह बन्धनमा बाँधिएपछि घर गएर गर्नुपर्ने दुःख, भोग्नुपर्ने पीडा र समस्यालाई पनि गीतका माध्यमबाट पोख्ने गर्दछन् । सासूले बुहारी प्रति गर्ने व्यवहार तथा नारी समस्यालाई गीतका विषयवस्तु बनाइएको हुन्छ । यस्ता गीतहरू लैङ्गिक असमानता, अन्याय र अत्याचारका विरूद्धमा पनि गाइएको पाइन्छ । सामाजिक, आर्थिक असमानताअदिलाई विषयवस्तु बनाएर भिन्नाभिन्नै लय वा भाकामा र प्रतियोगितामा समेत यस्ता तीज गीतहरू गाइन्छन् ।

अन्त्यानुप्रास प्रायःगरेर मिलेका हुन्छन् । वर्णसंयोजन भने त्यति भएको पाइदैन, सामान्य बोलीचालीका शब्दहरू प्रयोग भएको पाइन्छ । यी गीतहरू नितान्त मौलिक र श्रुतिपरम्पराबाट जीवित रहेको पाइन्छ ।

### ४.३.२.२ भैलो गीत

भैलो शब्द ‘भलो’ कै परिवर्तित रूप हो । यसलाई भैली पनि भनिन्छ । भैलो गीतमा गायकहरूले दातालाई विभिन्न किसिमा आशीर्वाद दिने हुनाले यसो भनिएको हुन सक्छ । लक्ष्मीपूजाको दिनदेखि विभिन्न समूह बनेर मादल खैंजडीआदि वाद्यबादनका साथ घरघरमा गाउँदै हिडँनुलाई भैलो भनिन्छ । यस गीतमा एक जनाले टुक्का भन्ने र अरूले भैलो भनेर गाउँने गर्दछन् । भाषाशास्त्री वालकृष्ण पोखरेलका अनुसार १५ औं शताब्दी अर्थात वि.सं. १४५०-६० तिरका जुम्लाका प्रथम खसराजा बालिराज नै यस भैली गीतका प्रेरणास्रोत हुन र भैलो खेल्ने चलन यिनैले चलाएका हुन् ।[२८] जे होस् भैलो नेपाली संस्कृतिको एउटा अभिन्न अङ्ग र नेपाली लोकगीतको एउटा प्रकार बन्न पुगेको पाइन्छ । आज पनि यस भुर्तुङ गा.वि.स. मा यस्ता गीतहरू ले प्रभाव जमाएको पाइन्छ । भैलो गीतको पाठ निम्नानुसार छ -

---

[२८] पोखरेल, बालकृष्ण, **पाँचसय वर्ष**, (जगदम्बा प्रकाशन, २०२०) पृ. ४८ ।

ए हे रामै राम - भैले/भैलो
ए रामको नाम - " "
ए सिरीराम - " "
ए झिलिमिली झिलिमिली - " "
ए के को झिलिमिली - " "
ए फूलको झिलिमिली - " "
ए बत्तीको झिलिमिली - " "
ए रातो माटो - " "
ए चिप्लो बाटो - " "
ए लड्दै पड्दै - " "
ए भैलो खेल्दै - " "
ए हजुरैको - " "
ए आँगनीमा - " "
ए आएका हामी - " "
ए गारो पिरो - " "
ए नमान्नु होला - " "
ए केराको थम्बा - " "
ए पाँच भाइ जम्मा - " "
ए भैलो खेल्न - " "
ए आएका हामी - " "
ए हामी तेसै - " "
ए आएका हैनौं - " "
ए बलि राजाले - " "
ए पठाएर - " "
ए आएका हौ - " "

ए यो घरका - ” ”

ए बाबा आमा - ” ”

ए वरपीपलजस्तै - ” ”

ए बाँचिरहून - ” ”

ए छोरा छोरी - ” ”

ए दुबो सरी - ” ”

ए मौलाइरहून - ” ”

ए यसपालिआउँदा - ” ”

ए खरको छानो - ” ”

ए अर्को साल - ” ”

ए आउँदामा - ” ”

ए सुनको छानो - ” ”

ए होओस हजुर - ” ”

ए होओस हजुर - ” ”

ए हजुरले - ” ”

ए पानी छोए - ” ”

ए तेलै होओस - ” ”

ए ढुङ्गा छोए - ” ”

ए सुनै होओस - ” ”

ए कोही भाइ छोरा - ” ”

ए डाक्टर होऊन् - ” ”

ए कोही भाइ छोरा - ” ”

ए मास्टर होऊन् - ” ”

ए कोइभाइ छोरा - ” ”

ए लेप्टेन, केप्टेन - ” ”

ए होऊन हजुर - "   "

ए कोही बहिनी छोरी - "   "

ए मास्टर्नी - "   "

ए होऊन हजुर - "   "

ए भैलोको आशीष - "   "

ए लागोस् हजुर - "   "

स्रोत : रामप्रसाद गौतम
उमेर ३०
लिङ्ग पुरूष
ठेगाना भुर्तुङ ९ (नागा)

ए - हे उड्छ केरे गौँथली काला बादल मुनि मयाले,
ए - हे सालघारीमा साल छ भने बेलाघारीमा बेल छ
हामी सित जान्छ्यौ कान्छी उडाइ लाने रेल छ
उड्छ केरे गौँथली ..............................

यस किसिमको भैलो प्रायः स-साना केटा केटीहरू मिलेर गाउने गर्दछन् र अन्तमा छोटाछोटा गीतका टुक्काहरू समेत गाएर रमाइलो गर्दछन । उनीहरू आशीर्वादात्मक शैलीमा भैलो भन्ने गर्दछन् । केटीहरूको मात्र समूह बनाएर पनि भैलो खेल्ने गरिन्छ । यिनीहरूले पनि समूह नै बनाएर खेल्ने गर्दछन् । भैलो खेलेका घर नाङ्लो (स्थानीय भाषामा सुपो) मा चामल, रोटी र पैसा राखी दीयो बालेर दिने चलन छ, तर सुपो र दीयो त्यही छाडेर अरू सामग्रीहरूलैजाने गरिन्छ । यस्ता भैलीगीतहरुमा श्रुतिपरम्परा रहेको हुन्छ । भाषामा महत्त्व दिइदैन स्थानीय वोलीचालीको भाषिका प्रयोग भएको पाइन्छ । अक्षर वा वर्णको सङ्ख्या यति नै हुनुपर्दछ भन्ने केही छैन । लयात्मकता यसको विशेषता नै हो ।

समयको परिवर्तनसँगै भैलोमा पनि परिवर्तन आएको पाइन्छ, समसामयिक गीत र नृत्यलाई पनि प्रस्तुत गर्ने गरेको पाइन्छ। देशका अन्य भागमा प्रचलिन भैलोका अन्य पाठकहरू पनि भुर्तुङ गा.वि.स.मा प्रचलित छन्। जस्तै -

भैलेनी आइन आँगन
बडारीकुडारी मागन
हे औँसीबार गाई तिहार भैलो

हरियो गोबरले लिपेको
लच्छिमी पूजा गरेको
हे औँसीबार गाई तिहार भैलो

हरियो गोबरले लिपेको
लच्छिमी पूजा गरेको
हे औँसीबार गाई तिहार भैलो
हामी त्यसै आएनौँ
बलि राजाले पठाए
हे औँसीबार .................

दैलामाथि लेखेको
लाच्छिमीले टेकेको
हे औँसीबार
गाईतिहार भैलो
घोडा बन्ने तबेला
हाम्लाई भयो अबेला
हे औँसीबार ..............

यसरी विभिन्न तरिकाबाट यहाँ भैलो खेल्ने गरेको पाइनछ । भैलो खेल्दा स्थानीय स-साना लोकगीतका टुक्काहरू गाएर नाच्ने समेत गरेको पाइन्छ । प्राचीन संस्कृतिलाई युवा पुस्ताले पनि निरन्तरता दिएको पाइन्छ । यस गीतमा स्थानीय बोलीचालीका शब्दहरू प्रयोग गरिएको पाइन्छ र शब्दहरू  बुझ्नलाई सरल पनि हुन्छन् ।

### ४.३.२.३. देउसी गीत

देउसी तिहारमा भाइटीकाका दिन बेलुका घर आँगनमा गएर सुख समृद्धिको कामना गर्दै गाइने सामूहिक गीत हो । यो गीत भैलोगीत कै हाराहारी भएर युगौंदेखि नेपाली जीवनमा प्रसिद्ध पर्वगीतका रूपमा चलिरहेको छ ।[२९] देउसीको एउटा छुट्टै आख्यान पनि प्रचलित छ जसमा घरबाट आमासँग बिदा लिएर दिदीको घर तिहारको टीका लागाउन भनेर हिँडेको सानो भाइलाई बाटामा कालीनाग र सेतीनागले बाटो छेकेपछि भाइले दिदीका हातको टीका लगाएर आउँछु र खाउला भनेर नागहरूसँग बाचा बाँधी दिदीका घर गएको र दिदीलाई सबै विवरण बताएर छिटो टीका लगाइदिन आग्रह समेत गरेको तर दिदीले डर नमान तिमी घर फर्कदा नागहरू मर्नेछन् भनी आश्वस्त पार्दै ढोकाको सँघारमा ओखर फोरेर सगुन सहित विधिपूर्वक भाइलाई टीका लगाइदिएर खाना खान दिई विदा गरेकी, बाटामा आउदा साँचै नागहरू टुक्रै टुक्रा परेर गन्ध आइरहेको अवस्था देखेपछि भाइलाई दिदीप्रति विश्वास जागेको कुरालाई विषयवस्तु बनाएर देउसिरे खेल्ने गरेको पनि पाइन्छ । यसका अतिरिक्त अन्य समसामयिक विषयहरूलाई उठान गरी देउसिरे गाउने गरेको जानकारी पनि पाइन्छ ।

एउटै पर्वमा गाइने भए तापनि यी गीतमा प्रचलित थेगो, लय र आख्यानका कारण भैलो र देउसीमा भिन्नता रहेको पाइन्छ । देउसिरेको पाठ यस प्रकार छ -

[२९] पराजुली, कृष्णप्रसाद, पूर्ववत, पृ. १९६ ।

आ है भन भन भाइ हो          देउसिरे
ए राम्ररी भन          ”
ए स्वरमिलाई कन          ”
ए बजाउनेले          ”
ए तालै मिलाऊ          ”
ए भट्याउनेले          ”
ए भाका मिलाऊ          ”
ए देउसी खेल्दै          ”
ए यो घरमा          ”
ए आएका हामी          ”
ए कार्तिक मासको          ”
ए यो शीतमा          ”
ए रातो माटो          ”
ए चिप्लोबाटो          ”
ए लोड्दै पड्दै          ”
ए आयौं हजुर          ”
ए परम्परा धान्न          ”
ए रीतिरिवाज मान्न          ”
ए गर्नु नै पऱ्यो          ”
ए गर्नु नै पऱ्यो          ”
हे रिङ्दै आयो तिहार घुमेर
देउसी खेलौँ साथी हो रमेर ।

स्रोतः देबबहादुर बि.क.
उमेरः ५५
लिङ्गः पुरूष
ठेगानाः भुर्तुङ ९

यस प्रकार गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स. मा देउसी खेल्ने परम्परा जीवितै छ । विभिन्न किसिमका स-साना परिवेश र घटनालाई विषयवस्तु बनाई देउसी खेल्ने गर्दछन्, जसमा दाजुभाइ र दिदीबहिनीको पवित्र नाताको घनिष्टता र सामीप्यका साथै प्रेमको प्रस्फुटन भएको पाइन्छ । तिहारमा आफ्नो भाइलाई जसरी पनि दिदीले टीका लगाइदिनु एउटा कर्तव्यजस्तो पनि देखिन्छ । देउसी नेपाली लोकसंस्कृतिको एउटा धरोहर हो । यस्ता देउसिका भाषा स्थानीय तवरका भए पनि सरल भएको पाइन्छ । अन्तिम वर्णहरू सकभर मिलाउने प्रयास गरेको पाइन्छ । यहाँ 'कन', 'भट्याउने' जस्ता बोलीचालीका स्थानीय शब्द प्रयोग भएको देखिन्छ । यसरी देउसी खेल्दा स-साना गीतहरू गाएर नाच्ने प्रचलन पनि छदै छ ।

### ४.३.२.४ फागुगीत

नेपाली लोकगीतहरू मध्ये फागुको पनि विशेष महत्त्वपूर्ण स्थान छ । फागुलाई होरी, फाउ र होली पनि भनिन्छ । फागुका पछाडि पनि लामो परम्परा पौराणिक कथा र किंवदन्तीहरू जोडिएका छन् । कहीँ हिरण्यकशिपुकी बहिनी होलिकासँग यसको प्रसङ्ग जोडिएको कथा पाइन्छ भने कतै भगवान शङ्करले कैलाशमा आयोजना गरेको दिव्य नृत्य गायनसँग यसको सम्बन्ध भएको किम्बदन्ति पाइन्छ । फागु भारतबाट नेपालमा भित्रिएको चर्चा पनि पाइन्छ । गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स. मा यसलाई फाउ भनेर भन्ने गर्दछन् । यसमा बोलिने र प्रयोग गरिने शब्द प्रायः अश्लील हुने हुँदा बनजङ्गलमा अर्थात घर गाउँभन्दा टाढा गएर गाउने गरिन्छ । ओल्लो डाँडा र पल्लो डाँडा बीचका युवा युवतिहरू दोहोरीकै रूपमा यसलाई गाउँछन् । यसलाई फाउखेल्नी भनिन्छ । यो गीत फागुन महिनामा मात्र गाइने गरिन्छ । फागुगीतमा नृत्य र बाद्यवादनको आवश्यकता पर्दैन । फागुको पाठ निम्नानुसार छ -

केटा : पारिपारि हिँड्ने रातो पछ्यौरा ओडेकीत हाम्रै घरकी, भरे आउँछु भनेकीत बिना भरकी , ओहोइ

केटी : वारि चन्चन पारि चन्चन हाम्रै भन्ने केटालाई त मोरो भन्छन् । ओहोइ

केटा : वारि केतुकी पारि केतुकी, फाउ खेल्नी केटीको गाला चेतुकि। ओहोइ

केटी : पारिपाखा बनपालेमा फूल फुल्यो सल्लो, गाला चेत्छु भन्ने केटाको मुखमा गुको डल्लो । ओहोइ

केटा : वारि कोकले पारि कोकले, तो केटी कराएको त मेरो भोकले । ओहोइ

केटी : पारिपारि बनपालेमा आगो लाग्यो, त्यो केटाको मुखमा त लागो लायो । ओ हो इ

यसरी फागुन महिनामा खेलिने केटा र केटी बीचको अस्वस्थ प्रतिस्पर्धात्मक श्रृङ्गारिक भावले भरिएका गीत फागु हुन् । फलाकी फलाकी डाँडा-काँडा थर्काएर अश्लील र फोहोरी शब्दहरूको प्रयोग गरेमा पनि कसैले कसैलाई केही भन्न नपाइने स्थानीय नियम परम्परादेखि नै बनिआएको छ । एकले अर्कालाई आरोप-प्रत्यारोप, उत्तर-प्रत्युत्तर दिँदै जाँदा दुई तीन घण्टा सम्म पनि फागु खेलेर मनोरञ्जन लिने गरेको पाइन्छ । भाषामा अर्थ नभएका चन्चन जस्ता शब्दका साथै स्थानीय भाषिकाको प्रसस्त प्रभाव परेको देखिन्छ । गु, भरे, लागो जस्ता शब्दको प्रयोग पनि यहाँ भएको पाइन्छ । अन्त्यानुप्रास मिलेतापनि वर्णहरूको संयोजन र लयमा एकरूपता पाइदैन भने प्रायः अन्तमा ओ होइ थेगोको रूपमा आएको पाइन्छ । फागुगीतको अन्तमा दुवै पक्षले यसरी टुङ्ग्याउने गरेको पाइन्छ -

उगोबाट भैंसी ल्याए मेरै मीतले

फागुनको फाउ हो यत्रै सितले । ओ हो इ

### ४.३.३ कर्मगीत

कर्मगीतलाई श्रमगीत पनि भनिन्छ । मानिस एउटा चेतनशील र विवेकी प्राणी हो । यसले श्रम गर्छ । त्यसकारण मानिसलाई श्रमजीवी प्राणी भन्न सकिन्छ । ऊ प्रकृतिको काखमा हुर्कन्छ र प्राकृतिक अवस्थाअनुरूप ऋतुअनुसार कर्म गर्दै आएको हुन्छ । श्रमको प्रकृतिअनुसार गीत स्वतः प्रस्फुटित हुन्छन् । यस्ता

लोकअभिव्यक्तिहरूलाई नै ऋतुकालीन कर्मगीत भनिन्छ । वार्षिक ऋतुकालीन जीवनयापनका लागि श्रमजीवीहरू हातमा काम, गलामा गीत र हृदयमा आँसु र हाँसोमा जीवन लिएर बाह्रै महिना घामपानी, ढुङ्गामाटो, हिलो, धूलो, तुसारो र परिस्थितिसँग युद्ध गरिरहेका हुन्छन् । यिनै स्थानीय श्रमिकहरूबाट सञ्चित भएका लोक अभिव्यक्तिहरूलाई श्रमगीत वा कर्मगीत भनिन्छ । भुर्तुङ गा.वि.स.मा ऋतु र श्रमसँग हुर्किएका ऋतुकालीन कर्मगीतहरूलाई निम्नानुसार राखिएको छ ।

**४.३.३.१ जेठेगीत**

जेठ महिनाको टन्टलापुर घाममा कार्य-सम्पादनका साथै गाइने गीतलाई जेठे गीत भन्ने गरिन्छ । संस्कृतको 'ज्येष्ठ' शब्दको तद्भव रूप 'जेठ' बाट बनेको 'जेठ' (जेठ+ए) शब्दले जेठमा हुने गरिने, उब्जने, कुरा, बस्तु आदिलाई जनाउँछ भने गीतका सन्दर्भमा जेठमा गाइने भन्ने बुझाउँछ । यसरी जेठमा गाइने गीत भएकाले नै यसलाई जेठेगीत भनिन्छ । जेठेगीतको पाठ निम्नानुसार रहेको छ ।

गौरिखेत डल्ला ठोक्दा पसिनाका धारा
सासू बजै कन्नो फर्किदा सहारा को छ र
लौन साथी दुःख पऱ्यो, छोप छपक्कै ।

माइती घर जाऊँ त भने भाउजूको घोँसो
स्वामी घर बसौँ भने दिन रात टोकसो
लौन साथी पीरै पऱ्यो, छोप छपक्कै ।

स्वामी घर बसौं भने स्वामी सोझा छैनन्
माइतीमा जाऊँ भने आमा छैनन्
लौन साथी पीर पऱ्यो, छोप छपक्कै ।

घाँसकाट्न जान्छु आमा उकालाका भीरमा
माथिबाट खस्ने ढुङ्गा जति मेरै शिरमा

लौन साथी आँसु बगे टिप टपक्कै ।

लोसेको खरभीरमा जेठे घाँस खुर्केर

लाम्ला माया भन्दाभन्दै गयो जोवान हुर्केर

लौन साथी जोवान गयो, रोक, थपक्कै ।

आमा मेरी भन्थिन बरै घर गरी खाए है

बाबा आशीक दिन्थे बरै नाति पाए है

लौन साथी जोवान बित्यो छोप छपक्कै ।

स्रोत : सरु गौतम
उमेर : २३
लिङ्ग : स्त्री
ठेगाना : भुर्तुङ ९ नागा

जेठ महिनामा खेतबारीमा मकै छर्दा, घाँसकाट्दा, कोदो रोप्दा, सासूले गरेका कामको जस नदिँदा र माइतीका कुरा सम्झदा मनमा उठेका विरहका भावहरू जेठेगीत मार्फत नारीहरूले पोख्ने गर्दछन् । यसमा प्राकृतिक सन्दर्भलाई समेत समेटिएको पाइन्छ । भाषा स्थानीय कन्नो, घोँसो, लाम्ला, आशीक जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । स्थायीलाई बारम्वार दोहोऱ्याइरहेको पाइन्छ । गीतमा स्थानीय परिवेशलाई समेट्न खोजिएको पाइन्छ ।

### ४.३.३.२ असारेगीत

मानो खाएर मुरी उब्जाउने महिनाको रूपमा असार महिनालाई लिइन्छ र यस महिनामा रोपाइँ गर्दा गाउने गीतलाई असारे गीत भनिन्छ तर गुल्मी जिल्लाको यस भुर्तुङ गा.वि.स.मा श्रावण महिनासम्म पनि रोपाइँ गरिने भएकाले पछि सम्म पनि असारेगीत गाइन्छ । असार महिनामा कृषकहरूले शारीरिक परिश्रमका साथसाथै आफ्ना सुख-दुःखका भावनाहरू पनि सिमसिमे पानी, दबदबे हिलोसँग सुमधुर स्वरलहरीमा गुन्जाइरहेका हुन्छन् । यिनै खेतमा रोपाइँ गर्ने खेताला र खेताल्नीहरूले

गाउने एक प्रकारको लोकलयलाई असारे गीत भनिन्छ । यस गीतलाई बाद्यवादनको आवश्यकता पर्दैन । रोपाइँ मनोरञ्जनका साथ गरिएको खण्डमा बाली सप्रन्छ भन्ने जनविश्वास रहिआएको छ । रोपाइँ गीत निम्नानुसार छन् -

जब बरिखैमा लाग्यो
छि: मलाई घिन लायो
हिँउदैमा लायो
छ बीस रिन लायो ।

असारे महिना दबदबे हिलो
घिन लायो छुनलाई
टाढाको माया नलाउनु रैच
सम्झेर रूनलाई ।

सुरिलै गयो बाँसैको लिङ्गो
भुई छोयो टुप्पैले
मन तिम्रो दोषी रइछ नि हजुर
के गरो रूपैले ।

हिमालैचुली त्यो पल्लोपट्टि
हिउँ पर्छ पर्दैन
जीउ मेरो यही हो, धनमेरो छैन
मन पर्छ पर्दैन ।

असारे मैना रोपेको धान
कुन मैना पसाउँछ
एकपल्ट आउँछ अल्लारे जोबान
दुनियाँ हसाउँछ ।

जेठको मैना राखेको बीउ
असारमा भयो फालाफाल
नमरे बाँचे कालले साँचे
हुम्ला भेट अर्को साल ।

हाम्रा बाबाको गैरी खेत
राम्ररी हिल्याइदेऊ
सुन र चाँदी चाइँदैन बाबा
दौँतरी मिलाइदेऊ ।

स्रोत : सेतीकुमारी वि.क.
उमेर : ७०
लिङ्ग : स्त्री
ठेगाना : भुर्तुङ ९

असारे गीतमा एक अनुच्छेदको सम्बन्ध अर्को भनुच्छेदसँग त्यति सम्बन्धित नभए तापनि रिन, घिन, धान, जोबानजस्ता शब्दको अन्त्यानुप्रास कहीँकहीँ मिलेको पाइन्छ । रोपाइँ गर्दा लामो भाका हालेर एउटै गीतलाई ५/७ मिनेटसम्म गाइन्छ । यसमा माया, प्रेमका प्रसङ्ग आएका छन् । मायाले भेट्न खोज्ने तर भेट्न नपाउनु जस्ता भाव यसमा रहेका छन् । गीत गाउने क्रममा हिलो छ्यापाछ्याप गर्दै रमाइलो गर्ने गरेको पनि पाइन्छ । शब्दचयन स्थानीय भाषिकामा आधारित नै छन् । पहिलो पङक्ति र दोस्रो पङ्क्तिका शब्दमा समानता नपाइए तापनि सुन्दा लयात्मक रहेको पाइन्छ । चेली बाबासँग दौँतरी मिलाइदिने आग्रह समेत गरेकाले अनमेल विवाहप्रति सचेत गराउन खोजिएको छ ।

### ४.३.३.३ घाँसेगीत

नेपाली जनजीवन कृषिमा निर्भर छ । कृषि भन्दासाथ पशुपालन जोडिएकाले घाँस काट्नु पर्ने बाध्यता रहिआएको छ । गुल्मी जिल्ला भुर्तुङ गा.वि.स. मा पनि कृषकहरूको आम्दानीको स्रोत पशुपालन रहिआएको छ । वस्तुभाउ पालेकाले डोको

बोकेर घाँस काट्न जाने चलन छ । यसरी घाँस काट्न जाँदा सबैका मुखबाट गीतहरू निस्कने गर्दछन् । अनुप्रासयुक्त मीठासपूर्ण, मार्मिक र गेयात्मक हुनु यसका महत्त्वपूर्ण पक्ष हुन् । यसरी घाँस काट्न जाँदा र गोठाला जाँदा गाइने भएकाले यी गीतलाई घाँसेगीत भनिएको हो । घाँसेगीत निम्नानुसार प्रस्तुत छ -

घाँस काट्न जानुपर्ने खरभीरमा
ढुङ्गा आउँछ माथिबाट शिरमा ।

आँसी राख्ने खुर्पेटो त
घाँस राख्ने डोको ।
लाउन खान पाइन मैले
त्यही रह्यो धोको ।
कहिल्यै सुख भैन आमा
यो जीवन भरिलाई ।
शिरमा नाम्लो, कम्मरमा खुर्पेटो
घाँस काट्न जानलाई ।

भीरबाट घाँस ल्याएँ
गज्यौटी पारेर ।
खाना खान जान्छु भन्दा
सासू हेर्छिन आँखा तरेर ।

स्रोत : विष्णुकुमारी शाह
उमेर : ६५
लिङ्ग : स्त्री
ठेगान : भुर्तुङ ९ नागा

विशेष गरेर नारीहरूले गाउने घाँसेगीतमा धेरै जस्तो विषयवस्तु नारी चेतना र वेदनामा नै आधारित रहेको पाइन्छ । घाँस काट्न भीरमा जानुपर्ने , सधैं हसिया,

नाम्लो र खुर्पेटोले नछोड्ने र जति दुःख गरे पनि सासू नराज हुन नछोड्ने जस्ता कथाव्यथाहरू पोखिएका हुन्छन् । यसमा गोठालो बनेर पनि पेटभरी खान नपाएको गुनासो पोखिएको पाइन्छ । यस गीतमा मानवीय पीरलाई यसरी व्यक्त गरेको पनि पाइन्छ ।

खपिसक्नु छैन मलाई
खोला नाम कि भीर ।
तिम्लाई परे थाहा हुन्थ्यो
मलाई पर्ने पीर ॥

यसरी घाँसेगीत प्रायः नारीहरू घाँस काट्दा-काट्दै वा घाँस काटेर फर्कनेक्रममा चौपारीमा भारी बिसाएर गाउँछन् । प्रायः एक्लै र अवसर मिलेमा समूहमा पनि यसलाई गाउने गर्दछन् । घाँसेगीत गाउँदा कुनै पनि वाद्यवादनको आवश्यकता पर्दैन । भाषा स्थानीय भाषिकामा आधारित रहेको पाइन्छ । आँसी गाज्यौटी, तरेरआदिजस्ता शब्दको प्रयोग भएको पाइन्छ । अन्तिम वर्णहरू प्रायः मिलेको पाइए पनि वर्ण र शब्दमा भने एकरूपता पाइदैन ।

यसरी कर्मका आधारमा आफ्नो जीवन भोगाइ, कथा, व्यथा, दुःख, सुखलाई गीतको माध्यमबाट पोखेर आफ्नो मनलाई हलुङ्गो पार्ने गरेको पाइन्छ । यस्ता गीतहरू स्वतःस्फूर्त रूपमा स्वच्छ तरिकाबाट प्रवाहित हुन्छन् ।

### ४.३.४ बाह्रमासे गीत

बाह्रै महिना चौबीसै घण्टामध्ये कुनै पनि समयमा गाइने गीतलाई बाह्रमासे लोकगीत भनिन्छ । यस प्रकारका गीत नेपाली समाजमा व्यापक रूपमा फैलिएका छन् । बाह्रमासे लोकगीत अन्तर्गत धेरै गीतहरू पर्दछन् । बाह्रमासे गीतलाई एउटा सदाबहार वृक्षसँग तुलाना गर्न सकिन्छ । त्यसैले यस बाह्रमासे लोकगीतको क्षेत्र अत्यन्त विस्तृत देखिन्छ । गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स. मा प्रचलीत बाह्रमासे

गीतहरूमा ठाडो भाका, सालैजो, सुनिमाया, यानिमाया, झ्याउरे, चुड्का, रोइला, यानिलैं, ख्याली र दोहोरीलाई लिन सकिन्छ ।

### ४.३.४.१ ठाडो भाका

ठाडो भाका गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा पुरानो पुस्तामा जीवित छ । यो भाका लोकगीतकै एउटा अङ्ग हो । यस गीतमा पुरूषले अगाडिको एउटा पङक्ति गाएपछि महिलाले छोप्ने र संयुक्त रूपमा गाउने चलन छ । यस ठाडो भाकाको गीतमा माया, प्रेम, दुःख, पीडा, धर्म, संस्कृतिआदि विविध पक्षलाई समेटिएको हुन्छ । गीत गाउँदा लामो स्वर र भाकामा ए, ओ जस्ता वर्ण प्रयोग गरी लयात्मक बनाइएको हुन्छ । यो अति नै रोमाञ्चक र कर्णप्रिय लाग्ने गर्दछ । यस किसिमको गीत नयाँ पुस्ताले ग्रहण गर्नुपर्ने आवश्यकता देखिन्छ । यस गीतको पाठ यसप्रकार छ -

ए ओ तिमी र हामी नुहाउन जाने बैनी
सुनधारे पँधेरो .......................३
" " रातैको अँधेरो सबैलाई थियो
दिनमलाई अँधेरो । ए - ओ - ३

" " आकाशै भरी नौलाखे तारा जुनलाई
नगने । ए.............ओ ...........३
" " आजै र मैले गीतै र गायो बैनी
बैंसले नभने । ए............ओ ...........३

" " बाग्लुङे चौर कालीको थान
भली बगो रगत । ए ............ओ .........३
" " न मेरो अघि न मेरो पछि
एकलो फगत । ए .........ओ................३

स्रोत : दलबहादुर शाह
उमेर : ५८
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९ नागा

यसरी यो ठाडो भाका ग्रामीण भेकमा लुकेर रहेका छन् । यी भाकामा अन्तिम शब्दमा अन्त्यानुप्रास वर्ण दोहोरिएको पाइन्छ । लय मीठो र वोधगम्य पनि छ । गीत बैंस आएर गाएको नभइ रमाइलोको लागि गाएको कुरा बताएका छन् । संस्कृतिका कुराहरूपनि गीतमार्फत् पोखिएको छ । यस्ता लोकभाकालाई सङ्कलन गरेमा यसको विकास गर्न सकिने मत गायकको रहिआएको पाइन्छ ।

### ४.३.४.२ **सालैजो**

गुल्मी जिल्ला भुर्तुङ गा.वि.स.मा प्रचलित गीत सालैजोको एउटा छुट्टै पहिचान रहिआएको पाइन्छ । यस्ता गीतहरू गोठाला जाँदा, घाँस काट्दा, मेलापात जाँदा र बसिबियाँलोका क्षणमा विरह चल्दा समेत गुनगुनाउने गरेको पाइन्छ । महिला र पुरूष भएर पनि यो गीत गाउन सकिन्छ । प्रायः गरेर यसलाई सामूहिक रूपमा गाउने गरेको पाइन्छ । यस गीतलाई वाद्यवादनका साधनका रूपमा एउटा मादल भए अति उत्तम मानिन्छ । मानसिक पीडा र भावहरूलाई गीतका माध्यमबाट पोखिन्छ । गीतमा छोटाछोटा टुक्काहरूको प्रयोग गरिएको हुन्छ । पुरूषले गीतका टुक्का निकाल्ने र महिला तथा अन्य समूहले छोप्ने र लयात्मक रूपमा गाउने गरेको पाइन्छ । यहाँ प्रचलित सालैजो गीत निम्नानुसार रहेको छ -

देख्नलाई राम्रो सालैजो तोलाकोटे डाँडा पानीको अनिकाल, ओ.........................३
भिरबासै माथि हिले र सालैजो पालेको बनिपाल.........ओ ...........................३
सिलगढीबाट मालगाडी आयो सालैजो के ल्यायो
मलिमत्ता ओ ..........................................३
चरौली रेलमा सालैजो बसौली भ्रेलमा देखौली कलिकत्ता ओ ..................३

x x x

आँगनैमा ओभ्रेलै पऱ्यो, मकैको सुलिले
नानीको चेहरा सालैजो उज्याले भयो
नाकैको फुलीले ।

कालीले दियो ढुङ्गा र मुडा
सेतीले सेउला
हाँसेर बोलन सालैजो
सँगसँगीसित
रमाइदेऊ के होला

तल पऱ्यो पुरतीघाट
माथि पऱ्यो भुर्तुङ
नखान लाउन सालैजो
न हिँड्न पाउन
राजैको हुकुम

माथि र बाट के चीज ल्यायो
गबदे खोलीले
पारि है बाट सालै जो
इसारा गरी
बोलाइदेऊ बोलीले
लितुङैको सैलाङै डाँडा
तेलै र पेलेको
सम्भ्रँदै छौ कि सालै जो
बिरस्यौ माया
हाँसेर खेलेको

स्रोत : सेती कुमारी वि.क.
उमेर : ७०
लिङ्ग : स्त्री
ठेगाना : भुर्तुङ

स्थानीय स्तरमा गाइने यस सालैजो गीतमा पूर्तिघाट, लितुङ्, भुर्तुङआदि जस्ता स्थानहरूको नाम आएका छन् । महिला-पुरूष वा पुरूषले मात्रै एक्लै पनि गाउन सकिने यस गीतमा एउटै आख्यान नभएर भिन्दा भिन्दै प्रसङ्गको मिश्रण गरिएको पाइन्छ । समसामयिक ग्रामिण परिस्थितिमा आधारित यो सालैजो गीतमा जनभावनालाई विषयवस्तु बनाइएको पाइन्छ । यो गीत गाउँदा एक जनाले निकाल्ने र अरू सबैले सालैजो भनेपछि छोपेर मादलको तालमा गाउने चलन छ । दिनभरि काम गरेर थाकेका किसानहरूले रातिमा बसेर यो गीत गाएर आफ्नो थकाइ मेटाउने गरेको पाइन्छ । पङ्क्तिमा समानता पाइदैन । कुनैमा बढी अक्षर र कुनैमा कम अक्षर भएको पाइन्छ । अन्त्यानुप्रास प्राय : मिलाउने प्रयास गरिएको हुन्छ । स्थानीय भाषिका बनिपाल, मलिमत्ता, कलिकत्ता, बिरस्यौ आदि जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ ।

**४.३.४.३ सुनिमाया**

गुल्मी जिल्लाको पूर्वोत्तर भेकमा रहेको भुर्तुङ गा.वि.स.मा गाइने यो सुनिमाया भाकाको लोकगीत मेलापात जाँदा वा कुनै पर्व वा मेलामा राति जाग्रम बस्दा समेत गाउँने गरेको पाइन्छ । यस गीतको पहिलो पदले प्रकृति अथवा स्थानको वर्णन गर्छ भने दोस्रो पदले मात्र गायकको भावना व्यक्त गरेको पाइन्छ । पहिलो पङ्क्ति थेगो वा अन्त्यानुप्रास मिलाउनको लागि मात्र ल्याइएको पाइन्छ । सुनिमाया गीतको पाठ निम्नानुसार छ -

सुनिमाया दैलामुनि काफल पाक्यो
सुनिमाया चिबेचरी बस्यो
सुनिमाया निम्रो हाम्रो माया पिरती

सुनिमाया अन्जानैमा बस्यो ।

सुनिमाया पारि डाँडा बनपालैमा

सुनिमाया पीपलुको छायाँ

सुनिमाया जति टाढा गए पनि

सुनिमाया नबिर्से है माया ।

सुनिमाया भीर माहुरीलाई भीरकै पीर

सुनिमाया घर माहुरीलाई घर

सुनिमाया छोडी जाने निष्ठुरीको

सुनिमाया केको भर छ र ।

सुनिमाया घाँस काटे खुर्कीखुर्की

सुनिमाया खरी र सालिम

सुनिमाया यसै र गाउँलाई म छोडी जाउँला

सुनिमाया अहिलेको पालिमा ।

स्रोत : नृपबहादुर शाह
उमेर : ३८
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९ नागा

यस गीतमा माया, प्रेम, मिलन, बिछोडका भावहरू पोखिएको पाइन्छ । दोहोरीका रूपमा वा एक्लै पनि यो गीत गाउँन सकिन्छ । यस्ता गीतका अगाडिका लाइनले तुक मिलाएको हुन्छ, भने पछिल्लो हरफले आफ्ना कुराहरू राख्ने गरेको पाइन्छ । काफल पाकेको चिबेचरी बसेको माया प्रीति अन्जानमा अर्थात थाहा नपाईकन माया बसेका कुराहरू यहाँ अभिव्यक्त भएको पाइन्छ । सबैको अगाडि प्रयोग भएको सुनिमाया थेगोकै रूपमा यहाँ आएको छ । जति टाढा भए पनि आफ्नो मायालाई नबिर्सने आग्रह यसमा गरेको पाइन्छ । छोडी जाने निष्ठुरीको भर नहुने शङ्काको कुरा पनि यहाँ देखिएको छ । माया प्रेम गाढा भएका कारण यस पालि गाउँलाई नै छोडेर जाने प्रतिबद्धता समेत यहाँ प्रेमी-प्रेमिका बीच व्यक्त गरिएको छ ।

यस्ता गीतहरू गाउनका लागि कुनै पर्व र उत्सव कुरिरहनु पर्दैन । जुनसुकै बेलामा पनि गाउन सकिन्छ । भाषामा स्थानीय भाषिकाकै बाहुल्यता पाइन्छ । अन्त्यानुप्रास मिले तापनि शब्दहरूको एकरूपता भने भएको पाइदैन, तर अहिले आएर आधुनिकताको मोहसँगै यस्ता गीत गाउन जानेका व्यक्तिहरूको अभाव भइसकेको पाइन्छ । पुरानो पुस्ताले यस्ता गीत गाउन जानेपनि नयाँ पुस्तालाई यो गीत गाउन कठिन भएको पाइन्छ ।

### ४.३.४.४. यानिमाया

मानिसले आफ्ना दैनिक काम गर्दागर्दै थकान महसुस हुन्छ र त्यसबाट मुक्ति पाउनका लागि विभिन्न किसिमका रमाइला कार्य गर्ने गर्दछन् । यसक्रममा विभिन्न गीतहरू गाउने गरिन्छ । तिनै मध्येको यस भेकमा प्रचलित यानिमाया पनि एउटा प्रमुख गीत रहिआएको छ । यो गीत पनि गोठाला र खेतालाका रूपमा काम गर्दा एवम् मेलापर्वमा गाइन्छ । एक्लै, सामूहिक वा दोहोरीको रूपमा यो गीत गाउने गरेको पाइन्छ । जीवनका दुःख, सुख, आरोह, अवरोहका भावनाहरू गीतमा पोखिएको हुन्छ । यस गीतको पहिलो पङ्क्तिमा प्रकृतिका विषयवस्तुलाई समेत समेटेको पाइन्छ भने दोस्रो पङ्क्तिले गायकको मनोभावनालाई व्यक्त गरेको पाइन्छ । यस गीतको नमुना यस प्रकार रहेको छ -

यानिमाया
फुर्कोटैको हैकम ठूलो
बुर्तिवाङको कुलो
यानिमाया
सुनचाँदीले के पो गऱ्यो
माया पिरती ठूलो
यानिमाया

यानिमाया

कहिले जाउँला बिनी बाग्लुङ

कहिले जाउँला ढोर

यानिमाया

रित्तो माया एक्लो फुक्लो

कसका बाउको हो र

यानिमाया

यानिमाया

माथि पर्‍यो कलीलेक

तल पर्‍यो लुङ

यानीमाया

जहाँ गए नि नबिर्से है

हाम्रो गाउँ भुर्तुङ

यानिमाया

स्रोत : पुण्यप्रसाद गौतम
उमेर :४८
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९ नागा

प्राचीन समयमा गाउँका मुखियाले फुर्कोटमा चलाउने गरेको शासन र बुर्तिबाङमा ठूलो कुलो रहेको सङ्केत गर्दै सुन चाँदीले कोही पनि ठूलो हुदैन । धनदौलतभन्दा ठूलो माया प्रीति हुन्छ भन्ने कुरा यस गीतमा देखाइएको छ । एक्लो भएका कारण स्वतन्त्ररूपमा घुमेका कुरा यसमा उल्लिखित छ । स्थानीय ठाउँका लेक र गाउँको परिचय दिँदै जहाँ गएपनि आफ्नो भुर्तुङ, गाउँलाई नबिर्सन आग्रह समेत यस गीतमा गरेको पाइन्छ । यसरी यस गीतमा सामाजिक सन्दर्भलाई देखाउँदै मायाप्रेमका भावनाहरू व्यक्त गरिएको पाइन्छ । यो गीत गाउनलाई कुनै निश्चित

समय र स्थान हुँदैन । यसलाई जतिबेला पनि गाउँन सकिन्छ । स्थानीय भाषिकाको प्रयोग भएपनि अन्तिम वर्णहरूलाई सकभर मिलाउने प्रयास गरेको पाइन्छ तर कतै कतै अन्त्यानुप्रास भङ्ग भएको पनि पाइन्छ । यानिमाया शब्द थेगोको रूपमा आएको पाइन्छ ।

### ४.३.४.५ झ्याउरे

बाह्रमासे गीतहरूमध्ये सर्वाधिक गाइने गीत झ्याउरे हो । यस गीतलाई स्थानीय भाषमा झाम्रे पनि भन्ने गरेको पाइन्छ । भुर्तुङ गा.वि.स. र गुल्मी जिल्लाका अन्य स्थानमा मात्र नभएर यो गीत अधिराज्य भर नै धेरै चल्ने गीत हो । झ्याउरे गीतलाई लोकगीतकै पर्यायवाचीका रूपमा पनि लिन सकिन्छ । कालीभक्त पन्तले झ्याउरे गीतको नामाकरण गरिनुमा तीन चारवटा तर्क अगाडि सारेका छन् । जस्तैः झाम्रेझूम्रे कपडा लगाउनेले गाएकाले, झामर लगाएर नाचिने हुनाले, झ्याउँकीरीझैं कराएर गाइने हुनाले पनि यस्ता गीतलाई झाम्रे भनिएको हुन सक्छ, भन्ने उहाँको भनाइ छ ।[३०] यो गीत सामूहिक रूपमा गाइने गरिन्छ । 'आज राति झाम्रे गाउन जाने हो' भन्ने चलन यस भेकमा आजसम्म पनि जीवितै छ । काममा जाँदा होस् वा फुर्सतका समयमा या रातको सपयमा कुनै पनि बेला यो गीत गाएको पाइन्छ । मादलको तालसँगै यस गीतको तालमा नाच्ने पनि गरिन्छ । दोहोरीका रूपमा र एक्लै समेत यस गीतलाई गाउन सकिन्छ । यसरी झ्याउरे गीत गाउनाको प्रमुख उद्देश्य मनोरञ्जन प्राप्त गर्नु र काम गर्दा थकावट मेटाउनु नै हो । झ्याउरे गीतका मूलपाठ यस प्रकार छन् -

डाँडैको केतुकी मेरो सइलाई उडेर भेटुँ कि ?
काँ पऱ्यो काँ तिर लाग्छ मलाई सइ तिम्रै खातिर
म भनी धाइरनी तिम्ले भने सिउँडीबार लाइरनी
नभन तेसरी वैरागीको मन दुख्छ बेसरी

---

[३०] पन्त, कालीभक्त, पूर्ववत, पृ. १३० ।

पानी पऱ्यो काँ पऱ्यो असिना अब म त यो गाउँ मा बसिन

उकाली धाईधाई केको माया लाउने हो कर लाईलाई

गैरी र चाउके तिमी माया भुर्तुङ मै आऊ के

गाउँछु गीत विरह चलेर गाउँले भन्छन बैंसले जलेर

रात मैले ओछ्याउनमा बिताउने

गाउँले मलाई नराम्रो चिताउने

x x x

खोलापारि खोलावारि धमिराको गोला

पिरती मायाले के खान दियो मै भएँ पागल

छिटो लयमा : मै भएँ पागल मायालुमै भएँ पागल - ३

भीरै र खायो बनै र खायो आकाशै जेलीले

खोलीको बोलीले केही सुन्न पाइन के भन्यौ चेलीले

छिटो - जेलीले मायालु के भन्यौ चेलीले .............३

कालीको लेक कुलको थान चरी घुम्यो फनन

ए नौली नानी नाम के हो तिम्रो घर काँ हो भनन

छिटो - फनन मायालु फेरी तिम्ले भनन......................३

तल पऱ्यो कोरेङ बैंसी माथि पऱ्यो काली वन

जसरी उड्छ सिमलु भुवा उत्तिकै उड्छ मेरो मन

छिटो - कालीवन मायालु उड्छ मेरो मन ......................३

स्रोत : दलबहादुर शाह
उमेर : ५८
लिङ्ग : पुरूष
ठेगान : भर्तुङ ९, नागा

झ्याउरे गीतहरूको पछिल्लो पङ्क्ति अर्थका दृष्टिले प्रधान हुन्छ । प्रेम, माया, भाव, दुःख, सुख, स्थान, नदी, पहाडआदि परिवेशलाई गीतले समेट्ने गरेको पाइन्छ । प्रेमी वा प्रेमिकाका मनोदशा, आकाङ्क्षा र अभिलाषाहरूलाई यिनमा व्यक्त गरेको पाइन्छ । अघिल्ला पङ्क्ति ढिलो लयमा र पछिल्ला पङ्क्तिहरू छिटो लयमा गाइन्छ । गीतमा माया प्रीतिले गर्दा पागल बनाएका कुराहरूको उल्लेख गीतमा भएको पाइन्छ । मनमा वैराग्य उत्पन्न भएर सिमलको भुवाजस्तै मन उडेको कुरा यसमा उल्लेख भएको छ । वर्णहरूमा प्रत्येक पङ्क्तिमा असमानता भए पनि झ्याउरे गीत सुन्नमा कर्णप्रिय भएकाले समाजमा अत्यन्त लोकप्रिय छ ।

### ४.३.४.६ चुड्का

छिटो र छोटो भाकामा मादल बजाउँदा छड्काएर गाइने गीत चुड्का हो । कहीकही रोइला र चुड्कालाई एकै ठाउँमा वर्णन गर्ने गरेको पनि पाइन्छ । यहाँका व्यक्तिहरूले पनि यस कुरालाई स्वीकार गर्ने गरेका छन् । चुड्कालाई आवश्यकताअनुसार झ्याउरेसँग जोडेर पनि गाउने गरिन्छ । बाह्रमासेगीत भए पनि विशेष गरेर श्रावण-भाद्रमा मेलापात जाँदा चुड्का गाउने गरिन्छ । यो गीत बाजाका ताल सँगै गाएर नाच्ने समेत गरेको पाइन्छ । सुरूमा ढिलो गाए पनि अन्तिममा छिटो गाइन्छ । अन्तको छिटो भाकालाई दोहोऱ्याएर १०/१५ पटकसम्म गाउने गरेको पाइन्छ । यसका केही प्रचलित नमुनाहरू निम्नानुसार छन् -

असारे महिना दबदबे हिलो घिनलायो छुनलाई
टाढाको माया नलाउनु रैच सम्झेर रूनलाई
छिटो हे ..........मन भयो हैरान, लेम्कि मैले जोगीको पैरन
एउटा गोरू झालेमाले अर्को गोरू काले
राम्रा राम्रा केटी पाए ल्यउन भन्थें बाले
छिटो - जाम उँदैउँदै कैले रूँदै कैले मन बुझाउँदै ।

बटौलीको बजारमा कति राम्रा भाँडा

दाइकी स्वास्नी त्यति राम्री मेरी स्वास्नी गाँडा
छिटो - यो मायाले हित गर्‍यो मसित आखिरीमा जुग जाने को सित ।

एक मानेमा के छ केछ दुई मानेमा दही छ
घर जान भन्छेउ आमा भुरूङ जत्रो पोइ छ
छिटो - बस बस सबैले भन्छन् जुनी बित्यो कसैले भन्दैनन् ।

उकालीमा जाँदा जाँदा दाहिने परो वर
ढल्की ढल्की हिँड्ने नानी काँ हो तिम्रो घर
छिटो - हे ...... रम्भ्कना - जानेबेला के दिन्छौ सम्भ्कना ।

स्रोत : भावुक गौतम
उमेर : २९
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९, नागा

यस्ता चुड्का गीतहरू मिश्रित विषयवस्तुमा आधारित ठट्यौला र रमाइला पाराका हुन्छन् । यिनमा स्थानीय बोलीचालीका भाषाको प्रयोग हुने गरेको पाइन्छ । यस्ता गीतका प्रसङ्गहरू हास्यव्यङ्ग्ययुक्त हुन्छन् । यी गीत गाउँदा अघिल्ला पङ्क्ति एकजनाले निकाल्ने पछिल्ला छिटो गाइने पङ्क्ति समूहमा गाइने गरेको पाइन्छ । छिटो गाइने पङ्क्ति समूहमा गाइने गरेको पाइन्छ । छिटो भाकालाई मादलको तालका साथमा १०/१५ पटकसम्म दोहोर्‍याएर गाइन्छन् । ढिलो तालमा नाच्दा उभिएर हातले मात्र इसारा गरिन्छ भने छिटो भाकामा छिटो-छिटो बसेर तथा उठेर घुमीघुमी फनफनी नाच्ने गरिन्छ । यस गीतमा पछिल्ला पङ्क्तिमा गायकको भावना परिलक्षित भएको पाइन्छ । असारमासको दबदबे हिलो छुन घिन लाग्नु र टाढाको माया भएकाले भेट हुन नपाएर सम्भ्की सम्भ्की रूनुपर्ने बाध्यतालाई प्रस्ट्याइएको छ । राम्रा केटी पाएमा बाबाबाट ल्याउने अनुमति पाएका कुराहरू, दाइकी स्वास्नी राम्री भएकी आफ्नी स्वस्नी गाँडा भएका कुरा, श्रीमान् सानो भएकाआदि व्यङ्ग्यात्मक प्रस्तुति चुड्का गीतमा रहेको पाइन्छ । अघिल्ला पङ्क्ति र पछिल्ला पङ्क्तिको भावमा

भिन्नता भए पनि श्रोतालाई आनन्द प्रदान गर्न र हँसाउन यी चुड्का गीत निकै उपयोगी रहेको पाइन्छ ।

### ४.३.४.७ रोइला

विशेष गरेर गुल्मी जिल्लालाई नै रोइला गीतको उद्गम स्थल मानिदै आएको पाइन्छ । यस भुर्तुङ गा.वि.स. मा पनि रोइला गीत प्रचलित छ । यस गीतलाई कालीपारे भाका, चुड्का र तीन ठून्के गीत भनेर पनि भन्ने गरिन्छ । रोइला गीत पाल्पा, पर्वत, बाग्लुङआदि जिल्लामा समेत चर्तित पाइन्छ । यही रोइलाकै तालमा भजन पनि गाउँने चलन छ । यो गीत दोहोरीका रूपमा र एक्लै पनि गाउँन सकिन्छ । यस गीतको प्रायः गरेर दुबै पङ्क्तिले गायकको मनोभावनालाई व्यक्त गर्ने गरेको पाइन्छ । यस गीतका संरचना, लय र भाका विशिष्ट प्रकारका हुन्छन् । गीत, प्रेम र विरहसँग सम्बन्धित हुनाका साथै त्यसले प्रकृति, वातावरण, स्थान र ऐतिहासिकतालाई समेत समेट्ने गरेको पाइन्छ । यस गीतमा प्रायः पहिलो र दोस्रो पङ्क्ति एकपटक गाइन्छ भने तेस्रो पङ्क्तिलाई दोहोऱ्याएर दुई तीन पटकसम्म गाउँने गरिन्छ । यसका केही नमुना यस प्रकार छन् -

केटा - घरको चुलामाथि
गुन्द्रुकैको पोको छ
माया लाउने धोको छ ।

केटी - नचिनेर होला
चिनेपछि मायाजाल
पाएपछि बिग्रोचाल

केटा - बस बस सानी
बसे माया लाइहाल्छ

हाँसो रङ्ग भइहाल्छ ।

केटी - नाचनाच माया
नाचिहालेँ मै पनि
नरिसाउनु कोही पनि ।

केटा - किन नक्कल पारेको
वारि आउन छाडेको
माया किन मारेको ।

केटी - घरमा बास छैन
के ख्वाएर पाल्छौ र
किन इज्जत फाल्छौर

केटा - तिमी जस्ता पाए
दसओटी नि पाल्दिन्छु
रेसमी सल हाल्दिन्छु ।

केटी - काली पारे दाइको
जाले रूमाल कोराको
त्यही पनि हैच छोराको ।

स्रोत : मनबहादुर किसान
उमेर : ६८
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९

रोइला दोहोरी गीतका रूपमा चल्ने गरेको पाइन्छ । यस गीतमा माया लाउने धोको केटाको रहेको र माया लाएपछि चाल विग्रने आशङ्का केटीले व्यक्त गरेको कुरा आरम्भमा पाइन्छ । नक्कल पारेका कुरा, घरबास नभएका कुरा र राम्रा केटी पाएमा दसओटासम्म पाल्ने जस्ता कुराहरू सिलसिलाबद्ध रूपमा यथार्थपरक र व्यङ्ग्यात्मक शैलिमा अभिव्यक्त भएका छन् । तलको यस रोइलामा व्यक्त स्थानीयता र भावात्मकता उल्लेखनीय छन् -

जाम्ला आँदिखोला
खाम्ला बदम किनेर
लाम्ला माया चिनेर ॥

यसरी स्थानीय भाषिकाको प्रयोग गीतमा भएको पाइन्छ । शब्दहरूमा त्यति मिलान नभए पनि लयात्मक भावहरू प्रस्फुटन भएको पाइन्छ । गीतमा रमाइला टुक्काहरू जोडेर गीतलाई लयात्मक पारामा गाइँदा गाउँबस्ती र समाजले मनोरञ्जन प्राप्त गर्दछ ।

### ४.३.४.८ यानिलैं

यानिलैं पुरानो गोठाले गीत हो । यानिलैंलाई रहनी वा थेगोको रूपमा लिइन्छ र त्यसैबाट गीतको नामकरण पनि भएको छ । विभिन्न सांस्कृतिक कार्यक्रम तथा शुभ अवसरहरूमा समेत यस्ता गीतहरू गाउने गरिन्छ । एक्लै वा दोहोरीका रूपमा उमेर पुगेका केटाकेटीहरूले यसलाई गाउने गर्दछन् । आफ्ना मनभित्र रहेका भावनाहरूलाई यसबाट व्यक्त गर्न उनीहरू उत्साहित् हुन्छन् । श्रम गर्दा वा थकानबाट मुक्ति पाउन समेत यो गीत गाएर मनोरञ्जन गर्ने गरेको पाइन्छ । यस गीतका केही नमूनाहरू यस प्रकार रहेका छन् -

आरने दाइको आरनैमा छानामाथि रेट यानिर्लै
तिमीलाई माया छैन भने मलाई मात्र के त यानिर्लै ।
किन्दा मूल्य चार आना त हल्दार दाइको खसी यानिर्लै
जति तान्यो उति लामो मायाजालको रसी यानिर्लै ।
कोरीबाटी चुलठी त मुठी भरी केस यानिर्लै
घरबारेलाई घरकै माया बैरागीलाई देश यानिर्लै ।
उँभो हेर्दा कालीलेकमा पानी पऱ्यो बुँदा यानिर्लै
जीउको मासु जीउमै सुक्यो सम्झेर रूँदा यानिर्लै ।
रानी चरी बेसारेले नेटो काटो सोले यानिर्लै
सबै हिँड्छन काँसी तीर्थ धोका रहेकोले यानिर्लै ।

स्रोत : दानबहादुर शाह
उमेर : ६३
लिङ्ग : पुरूष
ठेगान : भुर्तुङ ९

यस किसिमका गीतहरू पुराना पुस्तालाई मात्र राम्रो सँग गाउन आउँछ । नयाँ पुस्तालाई यो गीत त्यति राम्रोसँग गाउन आउँदैन । उपर्युक्त गीतमा युवकको प्रणयको भाव दर्साइएको छ भने धाक पनि देखाइएको पाइन्छ । माया एकोहोरो नभई दोहोरो हुनुपर्छ भन्ने भाव पनि यसमा देखाइएको छ । सबै मानिसहरू आफ्नो इच्छा पूरा गर्न काँसी तीर्थ जाने गरेका कुरा, मन पराएकाले नेटो काटिसकेका कुरासमेत यहाँ प्रष्ट परिएको पाइन्छ । स्थानीय भाषिकाको बाहुल्यता रहे पनि अन्त्यानुप्रास प्राय मिलेकाले गीत लयात्मक भएको पाइन्छ । यानिर्लै थेगोको रूपमा आएको छ ।

### ४.३.४.९ ख्याली

युवा-युवतिहरूको सरस, भावपूर्ण र प्रेममय भावमा व्यक्त गीतका अभिव्यक्तिलाई ख्याली भनिन्छ । हाँसखेलका रूपमा नै आउने लयात्मक भाकाको रूपमा यो गीत गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा निकै प्रचलित छ । भक्तिप्रधान

चुङ्का भजनसँग मिल्दो जुल्दो यस गीतलाई दोहोरीका रूपमा गाइने गरेको पाइन्छ । यस गीतको विषयवस्तु आमोद-प्रमोद युक्त र प्रेमपूर्ण नै हुन्छ । यस गा.वि.स.मा हुने पूजाआजा हरूमा एकापट्टि भजन चल्छ भने अर्को पट्टि युवायुवतिहरू मिलेर ख्याली गाउने गरेको पाइन्छ । अनुशासित र संयमित रूपमा यी गीतहरू प्रस्फुटन भएको पाइन्छ । यस गीतका लागि वाद्यवादनका रूपमा खैँजडी र मुजुराको प्रयोग गरिन्छ । यस गीतको पहिलो चरण र दोस्रो चरण गरी दुई भाग रहेको हुन्छ । पुनः यसमा एक चरण थपेर गीत गाइयो भने फेरि रोइलाजस्तो हुन्छ । ख्यालीका केही नमुनाहरू यस प्रकार रहेका छन् -

केटा - माया अर्केतिर
कर्के नजर नलाऊ मतिर । २
कटी - नजर तिमी तिरै छ
मायापनि तिमीलाई नै छ । २
केटा - नदेखेमा काँ देखम हुने
देखे माया लाइहाल्ने । २
केटी - अल्लि वर आएदेऊ
माया प्रीति फुकाइदेऊ । २

स्रोत : रामप्रसाद शर्मा
उमेर : ५८
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९

यसरी शृङ्खलाबद्ध रूपमा यसलाई अगाडि बढाउँदै लगेको पाइन्छ । गीत गाउने क्रममा पक्ष-विपक्ष बनेर व्यङ्ग्यात्मक पाराले गीतका माध्यमबाट एक अर्कालाई आरोप-प्रत्यारोप लगाउने गरिन्छ । मायाप्रेमका साथै कपडा, स्वभाव, हेराई अदिलाई व्यङ्ग्य गर्नु पनि यस गीतको विशेषता हो । यसरी ठट्यौलोपनबाट गाइने

भएकाले यो गीत कर्णप्रिय लाग्दछ । स्थानीय बोलीचालीका भाषिकाहरूको प्रयोग भएको पाइन्छ । सबै पङ्क्ति देख्दा समान लागेपनि वर्णमा खासै समानता पाइदैन ।

### ४.३.४.१० दोहोरी

दोहोऱ्याएर गाइने अर्थात दुई व्यक्ति वा समूहबीच गीतमै गरिने जबाफ सबालले युक्त प्रश्नोत्तरात्मक गीत नै दोहोरी हो । यसलाई कोही कसैले जुहारी पनि भन्ने गरेको पाइन्छ । ग्रामीण भेकमा रोदी बस्नेदेखि लिएर सहरबजारमा चल्ने दोहोरी साँझ सम्म यसको महत्त्व उत्तिकै छ । यसै गीतका आधारमा आज कैयन कलाकारहरूले सयौँ क्यासेट निकालेर बिक्रीवितरणसमेत गरी आर्थिक लाभका साथै लोकभाकाको संरक्षण समेत गर्ने गरेको पाइन्छ । दोहोरीमा युवायुवतिहरूबीच प्रेमपूर्ण, रसात्मक, भावात्मक र कौतूहलपूर्ण प्रश्नोत्तर हुने गर्दछन् । जसले दर्शक तथा श्रोताहरूलाई मन्त्रमुग्ध बनाएको पाइन्छ । यी गीतहरूमा सामाजिक प्रकृति र मानवीय भावनाको सजीव चित्रण भएको पाइन्छ । गुल्मी जिल्लाको यस भुर्तुङ गा.वि.स.मा विभिन्न किसिमका दोहोरी गीत गाइने गरेको पाइन्छ । यहाँ जोडने थेगो फरक-फरक राख्ने चलन छ । प्रचलित दोहोरी गीतका केही पाठ यहाँ प्रस्तुत गरिएका छन् -

केटा - मेरो मायाँ साइँली
पानै र चौकाले
भयो भेट साइँली
बेलै र मौकाले ।
केटी - मेरो मायाँ साइँली
गण्डकी वारको पार
हितको सइलाई साइँली
बोलाउने सुनको तार ।
केटा - मेरो मायाँ साइली

लाऊ मायाँ रसैको
डरकर साइँली
नमान कसैको ।

केटी - मेरो मायाँ साइँली
जामझोला बोकेर
यो देशलाई साइँली
गरालै ठोकेर ।

केटा - चाँदीको झुम्कना
पाऱ्यो पासो काँ दिउँला उम्कन
तल बग्यो गुहुदी खोला
मरिजाने दुई दिनको यो चोला
बाँचेँ भनेँ फेरि भेट होला ।

केटी - यो मायालाई काँ जान दिम्ला
सुथरीले बाँधेर यहीँ लिम्ला
तल बग्यो .....................

स्रोत : सरु गौतम
उमेर : २३
लिङ्ग : स्त्री
ठेगाना : भुर्तुङ ९, नागा

यसरी प्रेमप्रणयमा आधारित भएर अन्त्यानुप्रास मिलाएर प्रेमी-प्रेमिकाका अन्तरमनका भावनाहरू गीतका माध्यमबाट छताछुल्ल पोखिएको पाइन्छ । मौकाले भेट भएको, बोलाउने माध्यम सुनको तार बनेको, माया लाउन कसैको डर मान्न नहुने, मायाको पासोबाट उम्किन नदिने जस्ता भावहरू गीतमा पोखिएको पाइन्छ । यस्ता गीतहरूलाई अहिले नयाँ ढङ्ग र शैलीमा गाउने गरेको पनि पाइन्छ । यसमा

साइँली शब्द थेगोको रूपमा आएको पाइन्छ । अन्त्यानुप्रास प्रायः मिलेको छ । वर्णमा संयोजन छैन । स्थानीय भाषिकाको प्रयोग भएको पाइन्छ ।

### ४.३.५ धार्मिक गीत

परम्परादेखि चलिआएका धार्मिक क्रियाकलाप वा शुभ अवसरमा गाइने भजन, कीर्तनआदि नै धार्मिक गीत हुन् । नेपाली समाजमा प्रायः गरेर प्रत्येक दिन कुनै न कुनै चाड वा पर्व परेका हुन्छन् । त्यसैले हरेक दिन धार्मिक क्रियाकलापहरू हुने गर्दछन् । देवकार्यहरूमा होस या संस्कारमा होस् धार्मिक गीत गाउँने प्रचलन रहिआएको पाइन्छ । यस्ता धार्मिक गीतहरू भक्तिभावनाले भरिएका हुन्छन् भने हाम्रो धर्म, संस्कृति र परम्परासँग आधारित हुन्छन् । यस भुर्तुङ गा.वि.स. मा पनि तल उल्लिखित धार्मिक गीतहरू प्रचलनमा रहिआएका छन् ।

#### ४.३.५.१ आरती

आ-आफ्नो घरमा बिहानसाँझ पूजा गर्दा होस् वा सप्ताह, लक्ष्यवत्ती, व्रतबन्धआदि जस्ता विभिन्न क्रियाकलापमा आरती गाउने प्रचलन यहाँ प्रचलित छ । विशेषगरी भजनको सुरूवातमा भजन निर्विघ्नतापूर्वक सम्पन्न गर्नका लागि समेत यो आरती गाउने गरेको पाइन्छ । यो सामूहिक रूपमा गाइन्छ । आरती गाउँनु भन्दा अगाडि दीप, कलश र गणेशको पूजा गरी शुभारम्भ गर्ने गरेको पाइन्छ । पहिला एक जनाले आरती निकाल्ने र त्यसपछि समूहले छोपेर सामूहिक रूपमा पटक-पटक आरतीलाई गाउने चलन छ । यसमा स्थानीय भाषिकाको प्रयोग समेत भएको पाइन्छ । आरतीको पाठ यहाँ हु-बहु उतार गरिएको छ -

पहिलैमा आरती पुष्पकी माला । २
काली नाग माथि लेऊ
कृष्णजी
राम तिउँरी आरती बनाई

गोपाल तिउँरी आरती बनाई

हा..........प्रभु  राम तिउँरी आरती बनाई । २

(यसलाई सुरूबाटै दोहोऱ्याएर गाइन्छ)

दोसरी आरती देवकीज्यूका नन्दन । २

जगत सुधारी लैजाऊ । २

यमकी फन्दा

राम तिउँरी आरती बनाई

गोपाल तिउँरी .........................।

तीसरीमा आरती त्रिभुवन मोहै । २

गरूड सिँहासन

राजा रामलाई सुहाई

राम..............................

गोपाल .......................

चौथामै आरती चारै युग पूजा । २

चारै युग नारायण

यावर नाही नारायण

राम .......................२

गोपाल.......................२

पञ्चमै आरती मङगालुवारै । २

राधा र रूकमिणी चमरू पोलाइ

राम ..................................२

गोपाल ................................२

षष्ठमै आरती सत्गुणी । २

रामचन्द्रका निरगुण

मातौ लिई जावै

राम.......................२

गोपाल ......................२

सप्तमै आरती समिधा र बाती

बजाउँला शङ्ख चडाउँ बेलपाती

राम .......................................२

गोपाल.......................................२

अष्टमै आरती अष्ट पति जात

धन्नमा तिम्रो कोही राम

कौशिका देवी माता

राम ..........................................२

गोपाल ........................................२

नवैमा आरती

नव र नदी गङ्गा

छोई र नदी गङ्गा

छोई र गङ्गा नुहाई नुहाई

जीवै भरी चङ्गा

राम ................................२

गोपाल................................२

स्रोत : मोतीलाल पौड्याल

उमेर : ४०

लिङ्ग : पुरूष

ठेगाना : भुर्तुङ ८

यसरी फूलको माला चढाएर कृष्णजीले काली नागलाई माथि ल्याएका प्रसङ्गबाट आरम्भ गरी आरती गाइन्छ । गसमा गरूड, सिंहासन, राम, गोपाल आदिको स्मरण गर्दै मङ्गलवारको महत्त्वमाथि प्रकास पार्दै र राधा, रूक्मिणी, कौशिका देवी नदीआदिलाई समेत स्मरण गर्दै शङ्ख फूलपाती चढाएर देवताको आह्वान गरेको पाइएको छ । स्थानीय भाषिकाको यथेष्ट प्रयोग भएको छ । कतिपय शब्दहरू दुर्वोध्य र कठिन पनि छन् । तिउरी, नाहि, मङ्गालुवार जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ ।

### ४.३.५.२ श्रीकृष्णको भजन

भजनमा धार्मिक आख्यान जोडिएको पाइन्छ । भुर्तुङ गा.वि.स.मा खासगरी श्रीकृष्णको कथामा आधारित भजन प्रचलित छन् । भजनको बीचबीचमा चुड्का जोड्ने प्रचलन यहाँ जीवितै रहेको पाइन्छ । भजन रातभर जाग्रम बसेर गाइन्छन् । श्रीकृष्णको कथामा आधारित भजन गाउन कम्तीमा ८/९ जनाको समूह आवश्यक हुन्छ । भजनको शुभारम्भ गाईको गोबरले लिपेर दीयो बाली कुनै भगवानको मूर्ति वा फोटो राखेर आरती गाएपछि मात्र गरिन्छ । यस किसिमका भजन ज्यादै लामा हुने गर्दछन् । भुर्तुङमा उपलब्ध श्रीकृष्ण सम्बन्धी भजनको पाठ यस प्रकार छ -

नारायण
हे राम, राम, राम
राम............७, नारायण..............३
देवकी र वासुदेव दुई जना पनि
कंसासुरले बन्दीखानामा लगीकन राखिदिए अनि
नारायण राख्यो बाँधेर,
ए नारायण राख्यो बाँधेर
हरे राम राख्यो नि बाँधेर,
नारायण राख्यो नि बाँधेर

हरे राम ! पापी राजा कंसासुरले राख्यो बाँधेर

नारायण ! ” ” ” ” ”

राम ....................३

नारायण.................३

देवीकी को अष्टम गर्भ हुन्छ भनी तहाँ

नारायण शङ्का दिएर

हे राम ! अष्टमै गर्भको शङ्का लिएर । स्रोत : होमनाथ पौड्याल

उमेर : ६१
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९

यसरी श्रीकृष्णको चरित्र आधारित भजन कथा वस्तुको क्रमबद्धताका साथ गाएर लगातार तीन चार घण्टा सम्म बिताउने गरेको पाइन्छ । यस भजनमा कंसासुरले आफ्नी बहिनी देवकीको अष्टम गर्भको सन्तानबाट आफ्नो मृत्यु हुन्छ भन्ने शङ्काले देवकी र वासुदेवलाई बन्दी बनाएर राखेको प्रसङ्गलाई विस्तार गर्दै कृष्णजीको जन्मको बयान गरिएको छ । भजनको क्रममा प्रसङ्गलाई अगाडि बढाएर लामो बनाउने गरेको पाइन्छ । पालेहरू निदाउनु, ढोका आफै खोलिनु, यशोमतिका काखमा श्रीकृष्णलाई वासुदेवले पुऱ्याउनु आदि घटनालाई भजनको माध्यमबाट व्यक्त गर्ने परम्परा रहेको पनि यहाँ चर्चा पाइन्छ । कन, अनि जस्ता स्थानीय भाषिकाको प्रयोग भएको पाइन्छ । पङ्क्तिहरूमा सिलसिला मिलेको छैन । एउटै शब्दलाई पटकपटक थेगोकै रूपमा दोहोऱ्याएको पाइन्छ ।

**४.३.५.३ तीन ठुन्के भजन**

रोइलाको नामले स्याङ्जामा प्रसिद्धि पाएको लयलाई यस भुर्तुङ गा.वि.स.मा तीन ठुन्के भजन वा कालीपारे भजनका रूपमा र यदाकदा रोइला भजन भनेर पनि चर्चा गरेको पाइन्छ । यो भजन गुल्मी जिल्लाका हरेक क्षेत्रमा उत्तिकै लोकप्रिय छ । वर्तमान समयमा पुराना अन्य लय र भाका भन्दा यो बढी चलनचल्तीमा आएकाले

पुराना पुस्ताले यस भजनलाई आधुनिक भजनको संज्ञा दिनेसमेत गरेको पाइन्छ । यस किसिमका भजनहरूमा भगवानका विभिन्न रूप र अवतारको वर्णन गर्ने गरेको पाइन्छ । यस्ता भजनहरू तल प्रस्तुत छन् -

कसले बजायो
सुनको मुरली
सुनको मुरली । ५
कृष्णले बजाए
सुनको मुरली
सुनको मुरली । ५
गङ्गा सागरैमा
कपिल औतार नारायण
" " " ५
माया मथुरैमा
फेरी भेट होलाकि
फेरी भेट होलाकि । ५
लैजाउ तिम्रो जामा
खोई लेउ मेरो मुरली
" " " ५

स्रोत : डिल्लीराज पौड्याल
उमेर : २५
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ८

वृन्दावनमा मुरली बजाएको प्रसङ्ग प्रस्तुत गर्नु गोपिनीहरू कसले मुरली बजायो भनेर आश्चर्यमा पर्नु, कृष्णले सुनको मुरली बजाएको थाहा हुनु, स्नान गर्दै गरेका गोपिनीको कपडा कृष्णले लुकाईदिनुआदि जस्ता प्रसङ्गलाई यसमा जोडिएको

छ । दोस्रो टुक्कालाई दोहोऱ्याएर तेस्रो बनाई पटकपटक गाउँदा विशिष्ट लयको सिर्जना भएको पनि पाईन्छ । तीन ठुन्के भजनका थप नमुना यसप्रकार छन् ।

कुन बाला प्यारा
भन मेरी सीताजी
भन मेरी सीताजी । ५

नपारन राम
चौरासीको चक्करमा
चौरासीको चक्करमा । ५

नरौ वैनी तारा
बलि राजा आउँदैनन्
बलि राजा आउँदैनन् । ५

स्रोत : शङ्कर गौतम
उमेर : २२
लिङग : पुरूष
ठेगाना : भुर्तङ ९ (नागा)

यस भजनमा रामको प्रसङ्गलाई जोडिएको छ । रावणले सीताको हरण गरेपछि फेरि भेट हुँदैन भन्ने आशङ्का यसमा देखाएको पाईन्छ । बालीलाई रामले मारेपछि तारालाई देह र आत्माको उदाहरण दिँदै भौतिक शरीरको मोह नगर्न सम्झाएको कुरा पनि तीन ठुन्के भजनमा समावेश गरिएको पाईन्छ । थप नमुना यसप्रकार छन् -

कति सुहायो कति सुहायो
नागको माला बाघको छाला कति सुहायो । ५
ढोका खोलन ढोका खोलन

स्वर्ग जाने बाटोको ढोका खोलन ।५

कुलै उज्यालो कुलै उज्यालो

धर्म गर्ने जनको कुलै उज्यालो ।५

स्रोत : रामु गौतम
उमेर : २२
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ९ नागा

यस किसिमका छरिता र छोटा भजनहरू यस भेकमा निकै प्रचलित छन् । यी भजन अत्यन्त लोकप्रिय छन् । यस किसिमका भजनहरू युवा पुस्ताले पनि रमाईलो मान्दै गाएको पाईन्छ । यस्ता भजनमा लीलाको वर्णन गरिनाका साथै प्रार्थना पनि गरिएको पाईन्छ । शब्दहरूमा भने स्थानीय भाषिकाकै प्रयोग भएको पाईन्छ । लयलाई मिलाउने प्रयास गरे पनि वर्णहरूको समानता भने भएको पाईदैन् ।

### ४.३.५.४ कीर्तन

कीर्तन भनेको कसैको यश वा कीर्तिको वर्णन गर्नु हो । बुढेसकाल लागेका बृद्धबृद्धाहरूले यसलोकमा गरेका पापकर्म समाप्त पारी परलोक अर्थात परार्थ सुधार्ने विश्वासले इष्टदेवताको कीर्ति वा महिमाको वर्णन गरेर बस्ने गर्दछन् । घर, मन्दिर वा यस्तै अन्य कुनै ठाउँमा एक्लै वा समूहका रूपमा समेत यो कार्य गरिन्छ । यहाँ यस्ता कीर्तनहरू मलमासहरूमा पनि गाउने परम्परा रहिआएको पाईन्छ । कीर्तनका पाठ निम्नानुसार छन् -

श्रीकृष्ण गोविन्द हरे मुरारे

हे नाथ नारायण वासुदेव ।

श्रीमन् नारायण नारायण नारायण

भजमन् नारायण नारायण नारायण ।

हरे राम हरे राम राम राम हरे हरे

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।

स्रोत : डिलाराम गौतम
उमेर : ९७
लिङ्ग : पुरूष
ठेगाना : भुर्तङ ९, नागा

यसरी आफ्नो धार्मिक पहिचानलाई जगेर्ना गर्ने कार्य कीर्तनका माध्यामबाट सम्पादन गरी यहाँका वासिन्दाहरूले आफ्नो दिनचर्यामा विशेष आयाम थपेका छन् । यस्ता किर्तनहरूमा एउटा भगवानको वा देवताको नामलाई पटकपटक दोहोऱ्याएर गाउँने गरेको पाईन्छ । शब्दहरू एकनासका हुन्छन् । भाषा स्थानीय वोलीचालीकै प्रयोग भएको पाईन्छ ।

### ४.३.६ विविध गीत

#### ४.३.६.१ बालगीत

बालबालिकाले गाउने अथवा बालबालिकाका निम्ति गाइने लोकगीत नै बालगीत हुन् । बालगीत प्राय : कवितात्मक शैली अर्थात झ्याउरे पाराका हुन्छन् । यिनीहरूको लय फरक फरक किसिमको हुन्छ । कुनै बालगीत बच्चालाई फुल्याउन आमाहरूले गाउँछन् भने कुनै बालगीत बालबालिकाहरू आपसमा खेल्दै रमाउँदै गाउँने गरेको पाइन्छ । निश्छल एवम् पवित्र भावनाले बालबालिकाहरूले खेल्दै यस्ता गीत गाएका हुन्छन् । भुर्तुङ गा.वि.स.मा प्रचलित बालगीतहरू यसप्रकार छन् -

सानो सानो भैंसी
भदौमा ब्याउनी
म सानो देखी सबैले ह्याउनी
म ठूलो भए
कचहरी लाम्ला
सयसाठी रूपैंया
हातमा खेलाम्ला

——— ———

तामाको अचार खासा हुन्छ
सुकुटी मासु मीठो हुन्छ
सानेले माम चपाएर खान्छ
भनेको कुरा खुरूखुरू मान्छ

मामा आए घोडा
माईजू आइन् डोली
पापा ल्याइन् सोली
दूधु माम सुरूप्प
काफल गेडि कुटुक्क

चीँ मुसी चीँ मुसी चीँ
तिम्रा दाइ हाम्रा दाइ
माछा मार्न गए
तिम्रा दाइलाई झोलैझोल
हाम्रा दाइलाई चौटैचौटा
भराल भुरूल्ल

स्रोत : हुमाकला गौतम
उमेर : ५६
लिङ्ग : महिला
ठेगाना : भुर्तङ ९, नागा

यस किसिमका बालगीतहरूले स-साना केटाकेटीहरूलाई आकर्षित गर्न आमाहरूलाई सजिलो हुने भएकाले बच्चाहरूलाई खेलाउदै यी गीत गुनगुनाएको पाइन्छ भने अर्का तर्फ बालबालिकाले आफै समूहमा मिलेर खेल्दा पनि यी गीतहरू

गाउने गरेको पाइन्छ । केटाकेटीले भैँसी ब्याएपछि दूध खान पाइने आशा, सानो देखेर नहेप्न आग्रह गरेको, ठूलो भएपछि कचहरी लगाउने , धन कमाउने , अचार, सुकुटी मीठो हुने कुरा, मामा, माईजू आउने पापा ल्याउनेआदि जस्ता रमाइला अभिव्याक्तिहरू प्रयोग भएको छ भने तुकहरूपनि मिलाउने प्रयास गरिएको पाइन्छ । बोलिचालिका शब्दहरूको प्रयोग भएको पाईन्छ ।

### ४.३.६.२ लामा खेल्ने

गुल्मी जिल्लाअन्तर्गत पर्ने यस भुर्तुङ गा.वि.स.मा एक्काइसौँ शताब्दी विज्ञान र प्रविधिको वर्तमान युग भएपनि पनि परम्परादेखि चलिआएका लामा हल्लने, आखत हेर्ने, तन्त्रमन्त्र र झारफुकजस्ता क्रियाकलापहरू जीवित अवस्थामा नै रहेकाछन् । यहाँका धेरैजसो मानिसहरूले रोगको प्रकृति हेरी लामालाई आखत हेराएर धुपधजा उठाइने धार दिने, फुक-फाक गर्ने जस्ता कामले बिरामी सन्चो नभएमात्र डाक्टरलाई खोज्ने गर्दछन् । हुन त यहाँ लामा धेरै नै छन् । तर सबैभन्दा राम्रो मानिने लामा चित्र बहादुर के.सी. यसै गा.वि.स.को वडा नं.५ मा बस्ने गर्दछन् । उनलाई राम्रो मानिनाको प्रमुख कारण आएका बिरामीहरूलाई आफूले ठिक पार्न नसकिने देखिएमा तुरून्तै डाक्टरकहाँ लैजाने सल्लाह दिनु नै हो । लामाको भाषा उनी हल्लँदा केही बुझिन्छ भने केही बुझिँदैन । जब उनलाई पूरै झाँक छुट्छ, उनको शरीर काम्न थाल्छ । यसलाई देवता शरीरमा प्रवेश गरेको भन्ने चलन छ । लामा बस्दा बस्ने ठाउँलाई लिपेर सफा पारी रूद्राक्षमाला, ढोलक, त्रिशुल, अगाडि राखेर दीयो बालेर हल्लन सुरू गर्दछन । यस्तो लामा भाकासँग सम्बन्धित लयात्मक अभिव्याक्तिको पाठ यसप्रकार छ ।

ओम् गुरु ओम्
गुरुकै निमुध्यानमा धुपदीप गरी मै बाला वसेको छु ।
लाटा झाँक्रि झाँक्रिनी ओम्
नाग झाँक्रि झाँक्रिनी ओम्

सिरम झाँक्रि झाँक्रिनी ओम्

भूत झाँक्रि झाँक्रिनी ओम्

कुँजा, लाटा , लगेडा मिलि ओम्

सातै चेलो चक्कर लिएर यसै जग्गे जरितैमा आउनु पऱ्यो ओम्

आफ्नो जलखेतीमा खेल्ने नाग नागिनी ओम्

खोजी ढुँडी ल्याउनु पऱ्यो नि गुरु ओम्

काली गङगामा खेल्ने करवीरे गुरुले ओम्

मै बाला बसेको छु अठहत्तर सय भैया लिएर यसै जग्गे जरितैमा आउनु पऱ्यो ओम्

दारासिंह , नरसिंह मट्टीसुमा गुरूले ओम्

रिडीघाटमा खेल्ने दारा सिंह

बाह्रबीसे गुरुलाई लिएर आउनु पऱ्यो ओम्

रिखेश्वरको मठमा जाम्ला ओम्

धुपवत्ती बालौँला

शङ्ख घण्ट ठोकौला, तामैको गजो लेम्ला

मनुजैको ढेङग्रो ठोकम्ला गुरू ओम्

फलमैको टोपा लाम्ला

फलामैको भोटा लाम्ला

फलामैको जुत्ता लाम्ला ओम्

रिखेश्वरको दहिने व्रत गरम्ला ओम्

वाग्लुङमा खेल्ने वाग्लुङे देवीकै निमुध्यानमा मै बाला बसेको छु नि गुरु ओम्

भुटानमा खेल्ने झुमा , झुमेनी कै गुरु ओम्

तानसेनमा खेल्ने काला भैरव कै निमु ध्यानमा मै बाला बसेको छु नि ओम्

काठमाडौं पशुनाथ गुरुकै निमुध्यानमा बसेको छु ओम्

गोरखपुरमा खेल्ने गोरखनाथ गुरु ओम्

हरिदुवारैमा खेल्ने गुरूकै निमध्यानमा मै बाला बसेको छु ओम्
देहरादुनमा खेल्ने सुन्तला देवी गुरुकै निमध्यानमा मै बाला बसेको छु नि ओम्
उत्तर दिशा हिमलुको काखमा खेल्ने रतनपाँडे कमल जैसी गुरुले आफ्ना चेला चक्कर लिएर यसै जग्गे जरीतैमा आउँनु पऱ्यो नि गुरू ओम्

ओम् माछापुच्छ्रे धौलासिरी, हिमालचरी मानापाथी भरी ओम् , दिशा निहुराई हेरी शेर्पा दाईकै ध्यानमा बसेको छु । घुम्टेकै लेकमा खेल्ने बालसिद्ध गुरुकै निमुध्यानमा बसेको छु गुरु ओम् ।

पूर्व दिशामा खेल्ने , पश्चिम , उत्तर , दक्षिण दिशाका डाँडाकाँडामा खेल्ने ऐरिशिखारी, डुलुवा भुलुवा पचभैयाले खोजी ल्याउनु पऱ्यो नि गुरु ओम् आलो मुर्दार जगाई बोलम्ला चारै दिशा बानम्ला पूर्वदिशा बानी खेलम्ला अठहत्तर सय रूद्राक्षमाला गनम्ला ,

सुइय सुइय –३
ए-अ-इ –३
आओ आओ ३ बम्...........३
यस मनुवाको अङ्ग वेथा ओम्
सुलवेथा ओम् डायनी , डुलुवा , भुलुवा ओम्
केका फेला पऱ्यो नि ओम्
खोजि ल्याऊ ढुँडी ल्याऊ गुरु ओम्
बम्बम्बम्...................३
ओम् शान्ति शान्ति शान्ति...........

स्रोत् : चित्र बहादुर के.सी.
उमेर : ७०
लिङ्ग : पुरूष
ठेगाना : भुर्तुङ ५

यस लामा खेलमा स्थानीय भाषिकाका साथै अन्य कतिपय लामा भाषाको प्रयोग भएको पाईन्छ । शब्दचयन र अन्त्यानुप्रासको क्रमबद्धता भने भएको पाइदैन् । यो कुनै पनि बेला आवश्यकताअनुसार खेलिने गरिन्छ । रोगीलाई ल्याएर वा नल्याएर आखत छुवाएर मात्रै पनि हेर्ने गरिन्छ । झाँक्रिनि, लगेडा, मनुवा , जस्ता शब्दहरू मिश्रित रूपमा प्रयोग भएको पाइन्छ । यसरी यस परम्पराले प्राचीन चलनलाई थामेको छ । लामाहरूले यो विद्या अरूलाई सिकाउन नमिल्ने, यो जान्नका लागि गुरु नै उत्रनु पर्दछ भन्ने गर्दछन् । गुरु भन्नाले मानवीय नभै प्रकृति वा अमानवीय मसान वा झाँक्रिलाई भन्ने गरिन्छ ।

**४.४ निष्कर्ष**

उपर्युक्त विवेचनाबाट गुल्मी जिल्लाको पूर्वीयभेकमा पर्ने भुर्तुङ गा.वि.स. लोकसंस्कृतिको उर्वरभूमि हो भन्नमा दुईमत नहोला । यहाँ गाइने संस्कार गीत, पर्वगीत, कर्मगीत, बाह्रमासे गीत, धार्मिक गीत र अन्य विविध गीतहरू स्थानीय समाजका मात्र नभई समस्त नेपालीका अमूल्य सम्पदा हुन् । प्रत्येक संस्कार, चाडपर्व कर्मआदि विविध क्रियाकलापमा यहाँका बालकदेखि बृद्धसम्म सबैले लोकगीत गुन गुनाएको सुनिन्छ, अर्थात लोकगीत गाउन मन पराउँछन् । युवापुस्तालाई अन्य गीतको तुलनामा बाह्रमासे गीतले तानेको जस्तो पाइन्छ । संस्कार गीतले हाम्रो समाजमा प्रचलित संस्कृतिलाई झल्काइरहेका हुन्छन् भने कर्म र पर्वगीतले पनि ऋतुअनुसारका कार्य र पर्वलाई सङ्केतगरी मानवलाई कामप्रति सचेत तुल्याएका हुन्छन् । यस्ता गीतहरू समय र परिवेशअनुसार गुञ्जायमान हुन्छन् ।

यी नेपाली लोकगीतहरू यहाँ मौसम र परिवेशअनुसार गाइन्छन् । यिनले धर्म, संस्कृति र परम्परालाई जगेर्ना गरिराखेका छन् र मानव मनका हर्ष, उल्लास तथा दु:ख र पीडालाई समेत समेटेका छन् । ठाडो भाका, सालैजो, सुनिमाया, यानिमाया, झ्याउरे, चुड्का, रोइला, ख्याली, दोहोरी, यानिर्लै, आरती, भजन, कीर्तन, बालगीत, लामाखेल्ने जस्ता हरेक गीतको आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्व रहिआएको छ ।

मनोरञ्जनकासाथै स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक तथा शैक्षिक स्थितिजस्ता जीवनका विभिन्न पक्षकोचित्रण यहाँका लोकगीतहरूको विषयवस्तु बनेको छ । यहाँको समाजमा लोकगीतका फाँटमा युगौंदेखि चल्दैआएको संस्कार एक किसिमले जीवनको पथप्रदशकको अनिवार्य अङ्गजस्तै बन्दै आएको पाइन्छ ।

बाह्रमासे गीत एक किसिमका सदावहार गीतहरू हुन् भनेर भन्न सकिन्छ । पर्वगीत विशेष अवसर र पर्वमा मात्र सीमित रहेको हामी पाउँछौ । कर्मगीतले कर्म गर्न अभिप्रेरित गर्नाका साथै कतिपय अवस्थामा रमाइलो  र थकानबाट मुक्ति दिलाउने खुराकको समेत काम गर्दछ । असारमा हिलोमा धान रोप्दै गीत घन्काउँदा साँच्चै नै एउटा आनन्दको अनुभूति हुने गर्दछ ।

देवीदेवताका आरधनामय गीत तथा भजनहरूले मानव समुदायलाई आस्तिकता वा अध्यात्मिकतातिर उन्मुख गराएको पाइन्छ । यसरी विविध संस्कृति भाका र कलाको सङ्गमका रूपमा कालीलेकको काखमा अवस्थित भुर्तुङ गा.वि.स. गुल्मी जिल्लाको मात्र नभई नेपालकै एउटा रमणीय स्थानका रूपमा चिनिन पुगेको पाइन्छ ।

## परिच्छेद–पाँच

# उपसंहार

गुल्मी जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलमा अवस्थित् एउटा पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा स्याङ्जा र पर्वत तथा पाश्चिममा प्यूठान जिल्ला रहेका छन् । उत्तरमा बाग्लुङ् र दक्षिणमा पाल्पा तथा अर्घाखाँचीसँग जोडिएर रहेको यस जिल्लालाई भौगोलिक आधारमा पहाडी र बेँसी गरी दुई भागमा बाँडिएको छ । राजनैतिक विभाजन अनुसार यो जिल्ला तीनओटा क्षेत्र र उनासी गा.वि.स. मध्येको एउटा गा.वि.स. भुर्तुङ पनि हो । आधुनिकताको केही प्रभाव परे पनि रूढिवाद र परम्परागत सामाजिक जीवनलाई अनुसरण गर्ने यस क्षेत्रका मानिसहरूको मुख्य ब्यवसाय कृषि नै रहेको छ । यहाँ बेँसी बाहेका अन्यक्षेत्रमा अकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ । यहाँ धान, मकै, गहुँ, कोदो, फापरआदि खेती हुने गर्दछ । अनेक जातजातिको बसोबास रहेको यस क्षेत्रमा हिन्दू, बौद्ध र इस्लाम धर्म मान्नेहरू रहिआएका छन् । यहाँको लोकसंस्कृतिमा विविधता देख्न पाइन्छ ।

मानव सभ्यताको विकाससँगै अपठित मानिसहरूका सहज अभिव्यक्तिमा जीवित रहेको लोकसाहित्यका विभिन्न विधाहरूमध्येको एउटा लयात्मक विधा लोकगीत हो । गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स. मा लोकजीवनको धड्कनका रूपमा रहेको लोकगीतलाई विषयवस्तुका आधारमा संस्कारगीत, कर्मगीत, धार्मिकगीत, बाह्रमासेगीत तथा विविध गीत अन्तर्गत राखेर अध्ययन गरिएको छ । यहाँका मुख्य चाडपर्वहरू तीज, दसैं, तिहार, होली, हुन् भने संस्कारमा छैटी, न्वारन, ब्रतबन्ध, विवाह, मृत्यु आदि उल्लेख्य छन् । कतिपय लोकगीतहरू यिनै पर्व र संस्कारसँग सम्बन्धित छन् । काम गर्दा श्रमगीत र धर्मकार्यमा धार्मिक गीत गाइन्छन् । बाह्रमासे गीत र अन्य केही गीतहरू पनि लोकजीवनमा व्याप्त छन् । संस्कारहरूमा गाइने गीतहरूमा मागल, खाँडो, रत्यौलीआदि प्रचलित छन् । पर्वअनुसारका गीतहरूमध्ये

तीजगीत विवाहिता महिलाले पतिको दीर्घायुको कामनाका साथ व्रतबसी गाउने गर्दछन् । यसका अतिरिक्त सासूको बुहार्तन, श्रीमानको टोकसो, घरका समस्या, माइती लिन नआएको दु:खेसो समेत गीतका माध्यमबाट उनीहरूले पोखेको पाइन्छ । तिहारमा भैलो र देउसी खेली आशीर्वाद दिने प्रचलन पनि त्यतिकै प्रचलित छ । कर्म र श्रमसँग सम्बन्धित जेठे असारे गीत गाएर थकान हटाउने परिपाटी पनि यहाँ छ ।

यस गा.वि.स.मा धार्मिक गीतहरू पनि प्रचलित छन् । मन्दिर, घर, पूजापाठ वा नित्यकर्ममा भजन, कीर्तन, आरती गाउँने चलन छँदै छ । यस्ता गीतमा श्रीकृष्ण, राम, शिव अदिका स्तुतिहरू रहेका छन् । ती गीतहरूले मानव समुदायलाई आध्यात्मिक चिन्तनप्रति जागरूक गराई आस्तिकताप्रति प्रवृत्त बनाउने लक्ष्य लिएको पाइन्छ । यस भेकमा सबैभन्दा बढी प्रचलित गीत बाह्रमासे गीत नै हुन् । तिनमा सालैजो, ठाडोभाका, यानिमाया, सुनिमाया, चुड्का, दोहोरी, झ्याउरेआदि प्रसिद्ध छन् । यसभेकका मानवीय जीवनका दु:ख, पीडा, हर्ष, वेदना, उमङ्ग,विरह, शान्तिआदिका भावहरू यी लोकगीतका माध्यमबाट प्रस्तुत भएका छन् । समाजमा नारी माथि गरिने थिचो-मिचो, परिवारका सदस्यको बिछोड, आर्थिक विषमताआदि यी गीतका विषयवस्तु बनेको पाइन्छ ।

भुर्तुङ गा.वि.स. मा प्रचलित् गीतमा मैलिकता, सहजता, सरलता, परिवर्तनशीलता, प्रश्नोत्तरात्मकता, स्वच्छन्दताआदि महत्त्वपूर्ण विशेषताका रूपमा रहेका छन् । तिनमा बालबालिकाका मनोभावनात्मक पक्षहरू पनि सहज रूपमा अभिव्यक्त भएको पाइन्छ । स्वतस्फूर्त रूपमै आउने रस विविधता, बिम्ब र प्रतीक, अलङ्कारअदिले गर्दा यहाँका गीत साहित्यिक आस्वादनका दृष्टिले पनि महत्त्वपूर्ण रहिआएको पाइन्छ । यहाँका गीतहरूमा स्थानीय भाषिकाको प्रयोग भएको पाइन्छ । च, रैच, आम्ला, खाम्ला, पिरती, मलिमत्ताआदि त्यसका उदाहरण बन्न सक्तछन् । यसरी यस गा.वि.स. मा गाइने लोकगीतको आफ्नै खालको वैशिष्ट्य पाइन्छ । यी गीतहरू सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक विषयवस्तुमा आधारित

छन् । भावका दृष्टिले हास्यव्यङ्ग्य, करूण, श्रृङ्गार र वीर तथा लयका दृष्टिले विविध लोकलय र भाषाशैली र प्रस्तुतिका दृष्टिले सरल, सहज, सरस र स्थानीय भाषिकामा प्रस्तुत छन् । यी लोकगीतहरू यस क्षेत्रकै धार्मिक, सांस्कृतिक र भौगोलिक परिवेशमा केन्द्रित भई त्यहाँका बनपाखा लेकबेँसी, कन्दरा, छहरा, भञ्ज्याङ चौतारी, देउरालीमा र मेलापातमा मौखिक रूपमा छहराको पानी छङ्छङ्एभ्कैँ व्यक्त भएका हुन्छन् । यस गा.वि.स.मा गाइने यी नेपाली लोकगीतहरूको आफ्नो मूल्य, मान्यता, परम्परा र संस्कृततिलाई प्रस्तुत गरेर जीवित तुल्याउन आफ्नो ठाउँबाट महत्त्वपूर्ण योगदान पुऱ्याएको पाईन्छ ।

**भावी अनुसन्धानका निम्ति सुझावहरू**

प्रस्तुत शोधपत्रको शीर्षक गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स.मा प्रचलित नेपाली लोकगीतको अध्ययनमा जस्तै : निम्नअनुसारका सम्भावित शोध शीर्षकमा पनि अध्ययन गरी शोध पत्र तयार गर्न सकिनेछ -

(क) भुर्तुङ गा.वि.स. मा प्रचलित नेपाली उखान टुक्काको अध्ययन ।

(ख) भुर्तुङ गा.वि.स. मा प्रचलित नेपाली गाउँखाने कथाको अध्ययन ।

(ग) भुर्तुङ गा.वि.स. मा प्रचलित लोककथाहरूको अध्ययन ।

## सन्दर्भ - कृतिसूची


(१) अचार्य, गोविन्द, **लोकगीतको विश्लेषण**, पैरवी प्रकाशन, काठमाडौं, २०६२ ।

(२) कन्दङ्वा, काजिमान, **नेपाली जनसाहित्य**, रोयल नेपाल एकेडेमी, काठमाडौं, २०२० ।

(३) कोइराला, शम्भूप्रसाद, डा. **लोकसाहित्य सिद्वान्त र विश्लेषण**, दो.सं. धरणीधर पुस्तक प्रतिष्ठान, विराटनगर, २०५६ ।

(४) गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, एकता प्रकाशन, काठमाडौं, २०५८ ।

(५) घिमिरे, कृष्णप्रसाद, **लोकसाहित्यको परिभाषा र वर्गीकरण**, कुञ्जिनी, काठमाडौं, २०५४ ।

(६) जोशी, सत्यमोहन, **लोकगीतको केही झल्का**, प्रगति, २०१२ ।

(७) थापा, धर्मराज, **गण्डकीका सुसेली**, ने.रा.प्र.प्र., काठमाडौं, २०३० ।

(८) थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, त्रि.वि., ने.ए.अ.के., काठमाडौं, २०४१ ।

(९) नरेन्द्र, (डा), **भारतीय साहित्यकोश**, नेसनल पब्लिसिङ, नयाँ दिल्ली, सन् १९१८ ।

(१०) पन्त, कालीभक्त, **गीत सुधारको राष्ट्रिय बाटो**, प्रकाशक, लेखक स्वयम्, २०३३ ।

(११) पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, विणा प्रकाशक, लेखक स्वयम्, २०५७ ।

(१२) पोखरेल, वालकृष्ण, **पाँचसय वर्ष,** जगदम्बा प्रकाशन, २०२० ।

(१३) बराल, ईश्वर र अन्य, सम्पादक, **नेपाल साहित्यकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०५५ ।

(१४) बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** एकता बुक्स, काठमाडौं, २०५८ ।

(१५) भट्टराई, चुन्नप्रसाद र अन्य, सम्मादक, **गुल्मी जिल्ला दर्पण,** जि.वि.स. कार्यालय, गुल्मी २०५६ ।

(१६) महत, झवीन्द्र, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रको लाकगीतको अध्ययन,** त्रि.वि., नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, काठमाडौं, २०६० ।

(१७) लोहनी, लक्ष्मण, **रोदीघर,** दो.सं., रत्न पुस्तक भण्डार, काठमाडौं, २०२२ ।

(१८) श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** त्रि.वि., पा.वि.के., काठमाडौं, २०२८ ।

(१९) सापकोटा, हुमनाथ, **गुल्मेली लोकगाथाको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि., नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, २०४१ ।

(२०) त्रिपाठी, वासुदेव, **सिंहावलोकन,** दो.सं., साझा प्रकाशन, काठमाडौं, २०३२ ।

(२१) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली वृहत शब्दकोश**, ने.रा.प्र.प्र., काठमाडौं, २०४० ।

## परिशिष्ट - २

### सूचकहरूको नामावली

| | सूचकहरूको नाम थर | लिङ्ग | उमेर | ठेगान |
|---|---|---|---|---|
| | गिता शाहा | महिला | ३५ | भुर्तुङ ९, नागा |
| | चित्रबहादुर के.सी. | पुरूष | ७० | " ५ |
| | डिलाराम गौतम | " | ९७ | " ९, नागा |
| | डिल्लीराज पौड्याल | " | २५ | " ८, गैरावारी |
| | दलबहादुर शाह | " | ५८ | " ९, नागा |
| | दानबहादुर शाह | " | ६३ | " ९ |
| | देवबहादुर वि.क. | " | ५५ | " ४ |
| | नृपबहादुर शाहा | " | ३८ | " ९, नागा |
| | पुण्यप्रसाद गौतम | " | ४८ | " ९, " |
| | भावुक गौतम | " | २९ | " ९, " |
| | मनबहादुर किसान | " | ६८ | " ८ |
| | मोतीलाल पौड्याल | " | ४८ | " ९ |
| | रामप्रसाद शर्मा | " | ५८ | " ९, नागा |
| | रामप्रसाद गौतम | " | ३० | " " " |
| | रामु गौतम | " | २२ | " " " |
| | राधिका गौतम | महिला | ३५ | " " " |
| | विष्णुकुमारी शाहा | " | ६५ | " " " |
| | शङ्कर गौतम | पुरूष | २२ | " " " |
| | सविना वि.क. | महिला | ६० | " ९ |
| | सरु गौतम | " | २३ | " ९, नागा |
| | सीता गौतम | " | ३० | " " " |
| | सेतीकुमारी वि.क. | " | ७० | " " " |
| | हरिकला गौतम | " | ४५ | " " " |
| | हुमाकला गौतम | " | ५६ | " " " |
| | होमनाथ पौड्याल | पुरूष | ६१ | " ९ |